बिचौलियाका कारण प्रतिष्ठान बदनाम : डा. पण्डित | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २६६ • २०८० साल फाल्गुन १० गते बिहीबार (22 Feburary, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेशमा राजनीतिक ध्रुवीकरण

# जसपा बाहेकका मधेशी दलहरु एकत्रित हुँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा राजनीतिक ध्रुवीकरण तीव्र भएको छ । तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) र जनता प्रगतिशील पार्टी (जप्रपा) बीच बुधवार कार्यगत एकता भएपछि जारी गरिएको प्रेस नोटमा जनता समाजवादी पार्टी (जसपा) बाहेकका अन्य दलहरु संग सहकार्य गर्ने भनिएको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टीलगायतका दलहरूलाई समेत सहकार्यका लागि सहभागी हुन् आग्रह गरिए पनि त्यसमा जसपा भने अटाउन सकिएको छैन् ।

संघीयता आए यता मधेश प्रदेशमा गठन भएको दुईवटा सरकारको नेतृत्व जसपाले गरेका छन् । जसपाको सरकार मधेश प्रदेशमा कमजोर पार्नका लागि सहकार्यहरु गरिन थालेको नेताहरुको बुझाई छ । यस भन्दा पहिला पनि गत शनिवार मधेश प्रदेश सरकार ढाल्नका लागि विहारको सुरसण्डमा बैठक गरिएको थियो तर, योजना सफल हुन सकेको थिएन् ।



सुरसण्डको बैठकमा प्रदेश सरकारलाई विश्वासको मत नदिई माओवादी केन्द्रका नेता भरत साहको नेतृत्वमा सरकार बनाउने तयारी गरिएको थियो । उनीहरुले मन्त्रालय समेतको भागवण्डा गरिसकेको भए पनि अन्तिम समयमा उनीहरुको रणनीति भने असफल भएको थियो । माओवादी केन्द्रका मधेश प्रदेश संसदीय दलका नेता भरत साहको नेतृत्वमा लोकतान्त्रिक समाजवादी पार्टीको अगुवाइमा सो बैठक बसेको थियो ।

यस सहकार्यहरुमा जनता समाजवादी पार्टी (जसपा)का केही उच्च पदस्थ नेताहरु समेत सहभागी हुने स्रोतको भनाइ छ । मधेश प्रदेश सरकारका केही उच्च पदमा बसेका समेतहरु जनमतको साथमा रहेका कारण उनीहरु पनि उता जान सक्ने अनुमान गरिएको छ ।

मधेश प्रदेशमा रहेको जसपा नेतृत्वका सरकारलाई असफल बनाउन जसपाका नेताहरु जनमत र अन्यको सम्पर्कमा रहेका छन् । यी दलहरु उपेन्द्र यादवलाई एक्लाएर मधेश प्रदेशमा नयाँ नेतृत्वको सम्भावना खोजेको छ । विगतमा हृदयेश त्रिपाठी, वृषेशचन्द्र लाल, महन्थ ठाकुरहरु एउटै पार्टीमा थिए । तर, केही दिन देखि उनीहरु आ-आफ्नै पार्टी सञ्चालन गरेर बसेका छन् । अहिले गरिएको कार्यगत एकता पनि मधेश प्रदेशमा सरकारलाई कमजोर तुल्याउनकालागि भएको हुन सक्ने अनुमान गरिएको छ ।

जनमत पार्टीले मधेश प्रदेश सरकारमाथि जुन प्रकारले प्रहार गरिरहेका छन् त्यसमा मलजल गर्नकै लागि सबै दलहरु एकत्रित भइ राजनीतिक ध्रुवीकरणलाई तीव्रता दिएका छन् ।

# वीरगञ्ज र ईशनाथको जनजीवन सामान्य

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज र ईशनाथ नगरपालिकामा लगाइएको कर्फ्यु हटाइए पछि जनजीवन सामान्य बनेको छ । जिल्ला प्रशासन कार्यालय पर्साले वीरगञ्जमा र जिल्ला प्रशासन कार्यालय रौतहटले ई लगाएको कर्फ्यु हटाइएको छ । महानगरपालिकामा तीनदेखि लगाइएको लगाइएको कर्फ्यु बुधबारदेखि हटाइएको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले एक सूचना जारी गर्दै सर्वसाधारणको सुविधाका लागि ११ बजेदेखि लाग्ने कर्फ्यु पुनः स्थगित गरिएको जानकारी दिए ।

रौतहटको इसनाथ नगरपालिकामा मूर्ति सेलाउने विषयमा दुई समुदायबिच भएको झडपलाई लिएर वीरगञ्जमा हिन्दू समाजका कार्यकताहरुले सोमबार प्रदर्शन गर्नुको साथै बजार बन्द गराएका थिए ।

यही क्रममा दुई समुदायबिच विवाद बढ्ने सम्भावनालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालयले यही सोमबार साँझ ५ बजेदेखि अनिश्चयकालीन कर्फ्यु आदेश जारी गरेको थियो ।

यता, रौतहटकोईशनाथ नगरपालिकामा स्थानीय प्रशासनले मंगलबारदेखि वडाहरूमा लगाएको कर्फ्यू हटाएको छ ।

स्थिति सामान्य भइसक्को भन्दै रौतहट प्रशासनले बुधवार साँझ ५ बजेदेखि पूर्ण रुपमा कर्फ्यु हटाएको जनाएको छ ।

सरस्वती पूजाको मूर्ति सेलाउने विषयमा विवाद भएर दुई समुदायबीच झडप हुन थालेपछि जिल्ला प्रशासन कार्यालय रौतहटले मंगलबार साँझदेखि ईशनाथ नगरपालिकाको वडा नं. ६ र ७ मा कर्फ्यु लगाएको थियो ।






# सन्त रामपालको बोध तथा कबीर साहेब निर्वाण दिवस कार्यक्रम सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम ।सन्त रामपाल महाराजको ३७ औं बोध दिवस र कबीर साहेवको ५०६ औं निर्वाण दिवस भव्यताका साथ सम्पन्न भएको छ । दिवसको उपलक्ष्यमा धनुषाको मिथिला न.पा. - २ बेलाचापीमा स्थित सतलोक आश्रममा फाल्गुन ५ देखि ८ गते सम्मको चार दिवसीय खुल्ला पाठ एवम् विशाल भण्डारा कार्यक्रम सम्पन्न भएको हो ।

फाल्गुन ५ गते पाठ प्रकाश गरी प्रारम्भ भएको अमर ग्रन्थको खुल्ला पाठ कार्यक्रम फाल्गुन ८ गते परमात्माको भोग आरती गरी सम्पन्न भएको हो । कार्यक्रमको समयमा अनुयायीहरुद्वारा ७२ युनिट रक्तदान तथा १० नव जोडीहरुको बिना कुनै आडम्बर,बिना कुनै तामझाम सरल रुपमा दाइजोरहित विवाह(रमैणी) गराईएको छ भने रक्दान शिविर लगाई ७२ युनिट रक्तदान पनि अनुयायीहरुले नेपाल रेडक्रसलाई सोसाइटीलाई गरेका छन् ।



पटक पटक बहु संख्यामा भैरहेको दाईजोमुक्त विवाहले अब समाज केहि वर्ष भित्रै पूर्ण रुपमा दाईजोमुक्त हुने आयोजकको भनाई छ ।

सन्त रामपालजी महाराजका अनुयायीहरुद्वारा दिनहुँ यस्ता विवाह विभिन्न ठाउँमा हुने गरेकोले अब समाजका चेलीबेटी तथा अभिभावकहरुले पनि सुखको सास फेर्न पाएको साथै समाजमा छोरा सरह नै छोरीहरूको सम्मान र महत्त्व कायम हुँदै गएको आयोजकले बताएका छन् ।

सन्त गरीबदासजीको अमर ग्रन्थको वाणी भनेको पूर्ण परमात्माको वाणी भएकाले यसको पाठ तथा उच्चारणले शरीर र आत्माबाट विकार समाप्त हुनुका साथै वरिपरिको वातावरण पनि विकारमुक्त हुने र वेद विधि अनुसार शुद्ध घ्युको ज्योति हवन यज्ञले प्रदुषित वायु पनि शुद्ध हुने आयोजकको दाबी छ ।

यस कार्यक्रममा महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल , पुर्व उप प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री उपेन्द्र यादव लगायत विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो।

लाखौं मानिसहरुको उपस्थिति रहेको यो विशाल कार्यक्रममा प्रहरी प्रशासन बिना नै सबै व्यवस्थापन चुस्त दुरुस्त रहेको देखेर अतिथिगणहरुले आश्चर्य व्यक्त गरेका छन् साथै कुनै विशेष आध्यात्मिक शक्तिको यहाँ प्रभाव रहेकोले आफुहरुलाई फरक किसिमको मानसिक शान्तिको अनुभुति भएको पनि उनीहरुले बताए ।

समाजलाई दुर्व्यसन,दाइजो प्रथा, भ्रष्टाचार,हिंसा जस्ता विकृतिहरुबाट जोगाउने यस्ता समाज सुधार तथा परोपकारको कार्यक्रम लाई अझ फैलाउन र यसमा आफ्नो स्तर बाट हुने यथा संभव सहयोग गर्ने प्रतिबद्धता पनि उनीहरुले जनाए ।

सन्त रामपालजी महाराजले आफ्ना पुज्य गुरु स्वामी रामदेवानन्दजी महाराजबाट सन् १९८८ फरवरी १७ मा मन्त्रदिक्षा प्राप्त गरेको दिनको स्मृतिमा उनको बोध दिवस र सन् १५१८ मा कबीर परमात्माले भारतको उत्तर प्रदेशको मगहर भन्ने स्थानमा काशीका राजा विरदेव सिंह बघेल, मगहरका राजा बिजली खान पठान, उनका हजारौं सैनिकहरु एवम् त्यहाँका धार्मिक गुरु र लाखौं आम नगरिकहरुको सामुन्ने बाट सशरीर निजधाम सतलोक प्रस्थान गर्नुभएको दिनको स्मृतिमा कबीर परमेश्वरको निर्वाण दिवस मनाईन्छ ।

काशीमा जस्तोसुकै पापी मरेपनि स्वर्ग जाने र मगहरमा जस्तोसुकै पुण्यकर्मी प्राणी मरेपनि नर्क जाने भनेर हिन्दु पण्डितहरु द्वारा फैलाइएको भ्रम निवारण गर्न र वेदमा वर्णित पूर्ण परमात्माको सशरीर निजधाम फर्किने वाक्यलाई प्रमाणित गर्न आज भन्दा ५०६ वर्ष पूर्व कबीर साहेबजीले यो लीला गरेको अनुयायीहरुको भनाई छ ।

फाल्गुन ५ गते पाठ प्रकाश आरती गरी प्रारम्भ भएको यस कार्यक्रममा नेपाल, भारत,भुटान लगायत अन्य विभिन्न देशहरुबाट गरी चार दिनमा झन्डै ५ लाख भन्दा बढी श्रद्धालुहरुको सहभागीता रहेको थियो। यस अवसरमा नेपाल लगायत विश्वभर ११ वटा ठूलाठूला आश्रमहरुमा यो भव्य कार्यक्रम भएको आयोजकले जनाएको छ ।

दुवै पर्व सँग संबंधित मुख्य घट्नाहरुलाई दर्शाउनका लागि यस भण्डारामा विशाल आध्यात्मिक प्रदर्शनी पनि लगाइएको थियो जसमा काशी तथा मगहरमा भएका ऐतिहासिक घट्नाहरु लाई हुबहु चित्रहरुका माध्यमले देखाइएका थिए तथा सन्त रामपालजी महाराजको ज्ञान सँग संबंधित प्रमाण र प्रचार प्रसारको जानकारी पनि दिईएको थियो। आगन्तुक हरुलाई ती चित्रहरुको बारेमा बताउन सेवादारहरु पनि खटाइएका थिए ।

एकैसाथ चार हजार भन्दा बढी श्रद्धालुहरु बसेर भण्डारा खान सक्ने व्यवस्था मिलाइएको थियो भने शुद्ध घ्यूमा बनेका कैयौं टन लड्डु, हलुवा प्रसाद का साथै पुरी,शब्जी,रोटी,अचार,आदी विभिन्न परिकार हरु पनि थिए ।

सर्व मानव समाजलाई बढी भन्दा बढी संख्यामा यस्ता महायज्ञमा सहभागी भई पुण्य आर्जन गर्न तथा विकारमुक्त स्वच्छ,सभ्य, समृद्ध समाज निर्माणमा सहयोग गर्न आयोजकले अनुरोध गरेका छन् । विभिन्न सञ्चार माध्यमद्वारा उक्त कार्यक्रमको प्रत्यक्ष प्रसारण पनि गरिएको थियो ।

# उपकुलपतिमा १८ जनाको आवेदन

टुडे समाचारदाता

काठमाण्डु । पूर्वाञ्चल विश्वविद्यालयको रिक्त उपकुलपति पदमा १८ उम्मेदवारले आवेदन दिएका छन् । उपकुलपति चयनका लागि गठित सिफारिस समितिले गत माघ २३ गते १५ दिनको समय दिई उक्त पदमा आवेदन दिन सूचना जारी गरेको थियो ।

आवेदन दिनेमा तोयानारायण पौडेल, शुभनारायण पाठक, अनिलकुमार पोखेल, जीवनकुमार ढकाल, अशोककुमार झा, गुरुप्रसाद खनाल, प्रमोदकुमार झा, बिजुकुमार थपलिया, विनोद पराजुली, देवीप्रसाद भट्टराई, राजनारायण यादव, नरेन्द्र कटुवाल, उमेश कोइराला, संजेशप्रसाद कोइराला, राजकुमार पोखरेल, रेशमबहादुर थापा, रमेशप्रसाद भट्टराई र महेशराज दाहाल छन् ।

सो विश्वविद्यालयको उपकुलपति छनोटको कार्यविधि अनुसार उम्मेदवारको आवेदन चाँचबुझ गरी अन्तर्वार्ता र प्रस्तुतीकरणका लागि अल्पसूची प्रकाशन गरिने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जनाएको छ ।

यसअघि त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपति पदमा ४३ जनाले आवेदन दिएकामा १४ जना अल्पसूचीमा परेकामध्ये तीन जनाको नाम सिफारिस समितिले प्रधानमन्त्री एवं कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष पेस गरिसकेको छ। सिफारिस समितिको अध्यक्षता शिक्षामन्त्रीले गर्ने व्यवस्था छ ।

# एक महिने क्लोज कैम्प कक्षा संचालन हुँदै

टुडे समाचारदाता

जनकपुरधाम । एसईई परिक्षाको तयारीलाई लक्षित गरी जनकपुरधामको न्यू भीजन स्कुलले एक महिने क्लोज कैम्प कक्षा संचालनमा ल्याएको छ ।




आफ्नो विद्यालयबाट एसईई परिक्षामा सहभागी हुने विद्यार्थीहरुलाई लक्षित गरेर एक महिने क्लोज कैम्प कक्षा संचालनमा ल्याएको जानकारी विद्यालयका प्रिन्सिपल विश्वलाल सिंहले जानकारी दिए ।

एक महिने क्लोज कैम्पमा हरेक विषयको तयारी गराईनुका साथै टेस्ट परिक्षा समेत लिइने उनले बताए ।क्लोज कैम्प कक्षामा सहभागी हुने विद्यार्थीहरुलाई स्त्यनारायण आलोकले एसईई परिक्षामा सहभागी हुने विद्यार्थीहरुलाई कतै पनि विचलित नभई लक्ष्यमा केन्द्रित हुन आग्रह गरे ।

त्यस्तै नेपाल पत्रकार महासंघ मधेस प्रदेशका अध्यक्ष राजेशकुमार कर्णले नेपालका विद्यार्थीहरुलाई उपयुक्त हुने किसिमको पाठ्यक्रम निर्माणका लागि आवाज उठाउनु पर्नेमा जोड दिए । यद्यपि आफ्नो मर्यादाको पालन गर्दै लक्ष्य भेदनका लागि तयार रह्न विद्यार्थीहरुलाई आग्रह गरे ।

# सात महिनामा आठ खर्ब व्यापार घाटा

काठमाण्डु । चालु आर्थिक वर्ष २०८०/८१ को सुरुआती सात महिना अवधिमा मुलुकले कुल रू नौ खर्ब ८४ अर्ब ७७ करोडको वैदेशिक व्यापार गर्दा रू आठ खर्ब ११ अर्ब ११ करोड बराबरको घाटा व्यहोरेको छ ।




भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिना अवधिको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार माघ मसान्तसम्ममा रू आठ खर्ब ९७ अर्ब ९४ करोड ३९ लाख बराबरको आयात भएको छ भने रू ८६ अर्ब ८३ करोड नौ लाख १२ हजार बराबरको मात्रै निर्यात भएको छ ।

गत आवको सुरुआती सात महिना अवधिको तुलनामा चालु आवको सोही अवधिमा आयात दुई दशमलव ३१ र निर्यात सात दशमलव ०७ प्रतिशतले घटेको छ । गत वर्षको तुलनामा समग्र व्यापार दुई दशमलव ७५ प्रतिशतले घट्दा व्यापार घाटा पनि एक दशमलव ७७ प्रतिशतले घटेको भन्सार विभागले जनाएको छ ।

नेपालले सबैभन्दा ठूलो वैदेशिक व्यापार गर्ने मुलुक भारत हो । भारतसँग रू पाँच खर्ब ५४ अर्ब ७५ करोड ८८ लाखको आयात गर्दा रू ५८ अर्ब ७२ करोड २७ लाखको मात्रै निर्यात भएको छ । अर्थात् चालु आवको सात महिना अवधिमा भारतसँग मात्र नेपालले रू चार खर्ब ९६ अर्ब तीन करोड ६० लाख व्यापारघाटा व्यहोरेको छ ।त्यस्तै, दोस्रो ठूलो वैदेशिक व्यापार रहेको मुलुक चीनसँग नेपालले रू एक खर्ब ७१ अर्ब २३ करोड ६३ लाख बराबर व्यापार घाटा व्यहोरेको छ । माघ मसान्तसम्ममा चीनबाट रू एक खर्ब ७३ अर्ब नौ करोड ११ लाख बराबरको मालवस्तु आयात हुँदा रू एक अर्ब ८५ करोड ४८ लाख बराबरको निर्यात भएको छ ।

नेपालले उच्च व्यापार घाटा व्यहोर्ने मुलुकको सूचीमा तेस्रो नम्बरमा संयुक्त अरब इमिरेट्स रहेको छ । चालु आवको सात महिना अवधिमा संयुक्त अरब इमिरेट्ससँग रू १५ अर्ब ६९ करोड ५४ लाखको आयात र रु एक अर्ब ५८ करोड ३३ लाख बराबरको निर्यात भएको छ । यो मुलुकसँगको व्यापार घाटा रू १४ अर्ब ११ करोड २० लाख छ ।

नेपालले वैदेशिक व्यापार गर्ने मुलुकहरुमध्ये सबैभन्दा बढी व्यापार नाफा संयुक्त राज्य अमेरिकासँग रहेको छ । सात महिना अवधिमा अमेरिकाबाट रू नौ अर्ब १७ करोड ५८ लाख बराबरको वस्तु आयात हुँदा नेपालबाट रू नौ अर्ब ५४ करोड छ लाख बराबरको निर्यात भएको छ । अर्थात् समीक्षा अवधिमा अमेरिकासँगको नेपालको व्यापार नाफा रू ३६ करोड ४७ लाख बराबर छ ।

डेनमार्क, नर्वे, अफगानस्तान, माल्दिभ्सलगायत मुलुकसँग पनि नेपालको व्यापार नाफामा छ ।

चालु आवको सुरुआती सात महिना अवधिमा सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात भएको छ । यो अवधिमा रू ७७ अर्ब ४१ करोड ९८ लाख बराबरको डिजेल, रू ३८ अर्ब ८२ करोड ६३ लाख बराबरको पेट्रोल र रू ३० अर्ब ३१ करोड २४ लाख बराबरको एलपी ग्याँस आयात भएको छ । त्यस्तै, फलामजन्य सामग्री रू २२ अर्ब ६६ करोड, रू १७ अर्ब ३८ करोड ३६ लाख बराबरको स्मार्टफोन आयात भएको भन्सार विभागले जनाएको छ ।रासस

# कोशीका १४ जिल्ला सभापतिको १६ बुँदे साझा धारणा

टुडे समाचारदाता

ललितपुर । लालितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा जारी नेपाली कांग्रेसको महासमिति बैठकमा कोशी प्रदेशका १४ जिल्ला सभापतिहरुले १६ बुँदामा साझा धारणा राख्नुभएको छ ।

सम्मेलन केन्द्रको मुख्य हलमा जारी छलफलमा उनीहरुले पार्टीको विधान संशोधन, मर्यादाक्रम, पार्टीको साङ्गठनिक परिचालनलगायतका विषयमा साझा धारणा प्रस्तुत गरेका हुन् ।जिल्ला सभापतिहरुले नेपाली कांग्रेसको केन्द्रीय सदस्यहरुको हकमा स्वतः महाधिवेशन प्रतिनिधि महासमिति सदस्य हुने व्यवस्था परिवर्तन गरी क्षेत्रीय प्रतिनिधि मात्र कायम गर्नुपर्ने, पार्टीको आन्तरिक निर्वाचनमा जुनसुकै तहमा भाग लिँदा क्रियाशील सदस्यता लिइएको समय, सीमा निर्धारण गरेको विधानको धारा निलम्बन गरिएमा उक्त धारा कार्यान्वयन गर्नुपर्ने साथै अब उप्रान्त निलम्बन गर्न नपाइने व्यवस्था गर्नुपर्ने उल्लेख गरेका छन् ।

यस्तै, वडादेखि केन्द्र तहको निर्वाचनमा एक महिला उपसभापति एक महिला सचिव, एक महिला सहसचिव पदहरु थप गर्नुपर्ने र एक उपसभापति एक महामन्त्री/सचिव एक सहमहामन्त्री/सहसचिव र एक कोषाध्यक्ष सभापतिले मनोनित गरी सम्बन्धित कार्यसमितिबाट अनुमोदन गर्नुपर्ने उनीहरुको माग छ । सबै तहको सभापतिलाई ५० प्रतिशत सदस्य मनोनित गर्ने अधिकार हुनुपर्ने उनीहरुले उल्लेख गरेका छन् ।

पार्टीबाट हुने राजनीतिक नियुक्ति वा लाभको पद समानुपातिक प्रतिनिधित्वको अवसर एक पद एक तह, एक पटक मात्र प्राप्त हुनुपर्ने साझा धारणामा समेटिएको छ । पार्टीका तर्फबाट सिफारिस भई राष्ट्रपति तथा उपराष्ट्रपतिको पदमा दुई पूर्ण कार्यकाल मात्र बहाल हुन पाउने । मुख्यमन्त्री तथा प्रधानमन्त्री दुई पूर्ण कार्यकाल हुन पाउने, सङ्घतर्फ उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीका साथै प्रदेशमन्त्री र राज्यमन्त्री समेत एक तहमा बढीमा तीन कार्यकाल हुन पाउने, सङ्घीय सांसद र प्रदेश सांसद एक तहमा बढीमा चार कार्यकाल हुन पाउने, कुनै तहको सांसदको कार्यकालको बीचमा समानुपातिक भएमा सो समेत कार्यकालमा गणना हुने व्यवस्था गर्नुपर्ने उनीहरुको साझा धारणा छ ।

यसैगरी, दुईभन्दा बढी सङ्घीय सांसद क्षेत्र भएको जिल्लाको हकमा स्थानीय तहको गाउँ तथा नगर सदस्य, वडाध्यक्षको टिकट वितरण गर्ने नगर, प्रदेशसभा क्षेत्र, प्रतिनिधीसभा क्षेत्र समितिको सिफारिसका आधारमा जिल्ला संसदीय समितिले वितरण गर्ने व्यवस्था गर्नुपर्ने, संसदीय समितिमा सम्बन्धित क्षेत्रको क्षेत्रीय सभापति सदस्यका रुपमासमेत रहने व्यवस्था गर्नुपर्ने उनीहरुले माग गरेका छन् । जिल्ला सभापतिले जिल्लास्तरमा



सङ्कलित सहयोग शुल्क (लेवी) रकम जिल्ला कार्यसमितिको निर्णयअनुसार जिल्लाले नै खर्च गर्ने व्यवस्था हुनुपर्ने, कुनैपनि तहको पदाधिकारी/सदस्य निरन्तर तीन पटकभन्दा बढी सम्बन्धित तहको सभापतिलाई लिखित/मौखिक जानकारी नगराई अनुपस्थित रहेमा निजको पद स्वतः खारेज हुने प्रक्रियामा जाने व्यवस्था गर्न माग उनीहरुको छ ।

उहाँहरुले पार्टीको स्वीकृति प्राप्त भ्रातृ तथा शुभेच्छुक संस्थाको हकमा जिल्ला सभापतिले निर्वाचित वा मनोनित भएपछि जिल्ला सभापतिमार्फत जिल्ला कार्यसमितिमा आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्नुपर्नेछ व्यवस्था गर्न माग गरेका छन् । नियमन, अनुगमन र आवश्यकताका आधारमा तोकिएको जिम्मेवारी हेरफेर गर्न सक्ने, तोकिएको समयमा निर्वाचन नभएमा पुनःगठन/निर्वाचन गर्ने अधिकार नेपाली कांग्रेस जिल्ला कार्यसमितिलाई हुने व्यवस्था गर्नुपर्ने उनीहरुको छ ।

पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि स्थानीय तह, प्रदेश र सङ्घहरुले आफूसँग सम्बन्धित समिति र जिल्ला कार्यसमितिमा कम्तीमा दुई महिनामा एकपटक लिखित प्रतिवेदन बुझाउनुपर्ने, पार्टीविरुद्ध लागेका पार्टीका क्रियाशील सदस्यलाई प्रमाणसहित उजुर गरेको अवस्थामा जिल्ला अनुशासन समितिले निलम्बन गर्न सक्ने व्यवस्था गर्न माग गरेका छन् ।

प्रतिनिधिसभा, प्रदेशसभाका प्रतक्ष्य एवम् समानुपातिक उम्मेदवार छनोट गर्दा क्षेत्रीय प्रतिनिधिको भोटिङ्को आधारमा एक महिलासहित तीन जनालाई सिफारिस गर्नुपर्ने, प्रदेशसभा महाधिवेशन प्रतिनिधिले प्रदेशमा उम्मेदवार हुन पाउने तर महाधिवेशन/महासमिति प्रतिनिधिले मतदानको अधिकार मात्र पाउने, प्रदेशसभा सभापति उठ्नका लागि महासमिति प्रतिनिधि हुनुपर्ने व्यवस्था गर्नुपर्ने बताइएको हो । प्रदेश सभापतिपछि जिल्ला सभापतिको मर्यादाक्रम हुनुपर्ने, केन्द्रीय सदस्य उठ्नका लागि महासमिति सदस्य हुनुपर्ने, क्रियाशील सदस्य जिल्लालाई वितरणको अधिकार दिनुपर्ने, गठबन्धनको सन्दर्भमा आवश्यक औचित्यका आधारमा सही समयमा मात्र उचित निर्णय लिनुपर्ने उल्लेख गरिएको छ ।

बैठकमा कांग्रेस मोरङका सभापति डिगबहादुर लिम्बू, खोटाङ सभापति विष्णुकुमार राई, उदयपुर सभापति हिमाल कार्की, झापा सभापति देउकुमार थेवे, संखुवासभा सभापति दीपक खड्का, सुनसरी सभापति केदार भण्डारी, ओखलढुङ्गा सभापति तेजेन्द्र खनाल, सोलुखुम्बु सभापति नामगेल जाम्बु शेर्पा, तेह्रथुम सभापति अर्जुन तुम्बाहाम्फे, इलाम सभापति डम्बर खड्का, धनकुटा सभापति दिनेश राई, भोजपुर सभापति विनोद राई वान्तवा र ताप्लेजुङ सभापति गजेन्द्र तुम्बाहाङको तर्फबाट संयुक्त धारणा राखिएको हो ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कूम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# वृहत्त यौनिकता सम्बन्धी नीति ल्याउँदै भंगहा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमै महेत्तरीको भंगाहा नगरपालिकाले पहिलो पटक वृहत्त यौनिकता शिक्षा सम्बन्धी नीति ल्याउने भएको छ।



यौनिकताको विषयमा समाजमा अझै खुलेर कुरा गर्ने अवस्थामा नरहेको अवस्थामा भंगहा नगरपालिकाले वृहत्त यौनिकता शिक्षा सम्बन्धी नीति निर्माणको अन्तिम चरणमा पुगेको छ । वृहत्त यौनिकता विषयमा मानवको जन्मदेखि मानवको अन्तिम दाहसंस्कार सम्म जोडिएको विषय भएको भन्दै पालिकाले सो सम्बन्धी नीति निर्माणमा जुटेको छ। गुड नेवर्स इन्टरनेश्नलको आर्थिक तथा प्राविधिक सहयोग तथा प्याक नेपालको आयोजनामा सो सम्बन्धी नीति निर्माणको लागि विभिन्न चरणमा विज्ञ तथा सरोकारवालाहरुसँग छलफल तथा सम्वाद गरिएको छ।

वृहत्त यौनिकता विषय शारीरिक सम्बन्धसँग मात्रै जोडिएको विषय नरहेको भन्दै यसका सम्बन्ध, जन्मदर्ता, जन्मान्तर, प्रजन्न स्वास्थ्य, सामाजिक न्याय सहितका विभिन्न ८ वटा अवधारणहरुलाई टेकेर वृहत्त यौनिकता शिक्षा सम्बन्धी कार्यविधि तयार भइसकेको र आगामी पालिकाको कार्यापालिकाको बोर्डले त्यसलाई पारित भएको कार्यान्वयन आउने भंगहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विजय कुमार यादवले बताए।

नेपालमै पहिलो पटक आफ्नो पालिकामा वृहत्त यौनिकता शिक्षा सम्बन्धी नीति निर्माण भएकोमा बताउँदै उनले यसले समाजमा रहेको विभिन्न विकृति, विसंगति, विभेद, हिंसा नियन्त्रणमा टेवा पुग्ने बताए। यो नीति कार्यान्वयन भएको खण्डमा केही वर्षपछि पालिकामा आर्थिक, सामाजिक रुपमा ठूलो परिवर्तन आउने त्रिभुवन विश्वविद्यालयका प्रध्यापक डा. भिमसेन देवकोटाले बताए।

गुड नेवर्स इन्टरनेश्नलले पहिलो पटक मधेश प्रदेशको भंगहा नगरपालिकामा पाईलट प्रजेक्टको रुपमा यो परियोजना प्याक नेपाल मार्फत संचालन गरेको छ। अन्य प्रदेशभन्दा मानव विकास सूचकांकमा मधेश प्रदेश निकै पछाडि रहेको र यहाँका जन्मदर, मृत्युदर, जन्मान्तर, प्रजनन स्वास्थ्य, लगायतको अवस्था दयनीय रहेकोले पहिलो चरणमा पाईलट प्रोजेक्टको रुपमा भंगहा नगरपालिकामा संचालन गरिएको र अव अन्य पालिकामा पनि संचालन गर्ने तयारी भइरहेको गुड नेवर्स इन्टरनेश्नलका नरेश यादवले जानकारी दिए।

वृहत्त यौनिकता शिक्षा परियोजना अन्तर्गत भंगहा नगरापलिकाका विभिन्न ४ वटा विद्यालयमा छात्रा क्लव र किशोर किशोरी मैत्री सूचना कक्ष संचालन गरिएको परियोजनाको संयोजक सपना बुढाथोकीले जानकारी दिइन।


किशोरमा अवस्थामा युवायुवतीहरुलाई सही बाटो देखाइएन भने कुलत तथा गलत क्रियाकलापमा फस्ने सम्भावना रहेकाले त्यसलाई नियन्त्रण गर्न परियोजना अन्तर्गत विद्यालय जीवनमा छात्रछात्राहरुलाई यौनिकता जनचेतना जगाउनु आवश्यक रहेको उनले बताइन।

हाम्रो समाजमा अझै पनि यौनिकताको विषयमा कुरा गर्न संकोच मान्छ, प्याक नेपालका कार्यकारी निर्देशक सुनिल यादवले भने,' तर परियोजना सुरु भएदेखि छात्रछात्राहरुले यौनिकताको विषयमा खुलेर चर्चा गर्छन, पहिला रजस्वला भएको वेलामा छात्राहरु विद्यालय जादैनन् थिईन, विद्यालयमै राजस्वला भएपछि स्नेटरी प्याड विद्यालयमा भएर पनि माग्न सकिरहेकी थिइन्, तर यो परियोजनाले त्यस्ता समस्याहरु हटेको छ।' अहिले छात्रछात्राहरु पनि प्रजनन स्वास्थ्यको विषयमा आफ्नो कुरा निर्धकताका साथ राख्ने सक्ने भएकी छिन्। यो हाम्रो समाजको लागि ठूलो उपलब्धि रहेको उनले बताए।

# सबै भन्दा सानो एक्स-रे मेशिन बनाउने नेपालका अमर गुप्ता अमेरिकाद्वारा सम्मानित

**टुडे समाचारदाता**

सिरहा । लहान सिरहाका भौतिकशास्त्रमा पीएचडी गरेका ३३ वर्षीय अमरप्रसाद गुप्ताले खल्तीमा बोक्न सकिने र विकिरण तथा रासायनिक खतराहरूबाट मुक्त एक्स-रे बनाउन सफल भएका छन्।





छ महिनाको निरन्तर प्रयास पछि, डा. गुप्ताले मानव हात भन्दा सानो एक्स-रे प्रणाली सफलतापूर्वक विकास गरेका छन्। जो केवल ८६ ग्राम तौल, खल्तीमा सजिलैसँग फिट गर्न सकिने र केवल दुई एएए ब्याट्रीहरूद्वारा संचालित हुने जनाइएको छ।

डा. गुप्ताले गत डिसेम्बर २०२३ मा शिकागोमा आयोजित वार्षिक रेडियोलोजिकल सोसाइटी अफ नर्थ अमेरिका बैठकमा यस विचारको बारेमा आफ्नो अनुसन्धान प्रस्तुत गरेका थिए र एक भौतिक प्रशिक्षार्थीद्वारा आरएसएनएमा उत्कृष्ट योगदानको लागि ट्रेनी रिसर्च पुरस्कारबाट सम्मानित गरिएको थियो।

सीएनटी एक्स-रे टेक्नोलोजीमा अग्रगामी नर्थ क्यारोलिना विश्वविद्यालयका प्रोफेसर ओटो झोउले उनलाई पुरस्कार प्रदान गरे। उनले आरएसएनएले गैर-क्लिनिकल, विशुद्ध भौतिकशास्त्र र इन्जिनियरिङ परियोजनालाई अवार्डसहित मान्यता दिएको यो पहिलो पटक भएको बताए।

यसको हालको रूपमा, पकेट-आकारको एक्स-रे प्रणाली पातहरू र पातलो जैविक पदार्थहरू जस्ता नरम सामग्रीहरू इमेजिङ गर्न विशेष रूपमा प्रभावकारी छ। यो एक्स-रे डिटेक्टरहरूको सञ्चालन परीक्षणको लागि उपयुक्त छ र पोर्टेबल छाला रेडियोथेरापी मेसिनको रूपमा सेवा गर्ने क्षमता छ।

एमडी निवासीहरूलाई रेडियोलोजिकल र न्यूक्लियर फिजिक्स सिकाउने र संयुक्त राज्य अमेरिकाको नर्थवेस्टर्न युनिभर्सिटीका वरिष्ठ वैज्ञानिक समेत रहेका बीपीकेआईएचएसका सहायक प्राध्यापक डा. अरुण गुप्ताले यो पकेट एक्स-रे प्रणाली शिक्षणका लागि बहुमूल्य र सुरक्षित शैक्षिक उपकरण हुनसक्ने विश्वास व्यक्त गरेका छन्।

डा. गुप्ताले हात, खुट्टा र दाँतको तस्बिर खिच्न सक्ने पकेट साइजको एक्स-रे मेसिन बनाउन भविष्यमा यस्तै प्रविधि प्रयोग गर्ने आशा राखेका छन्।

डा. अमर हाल हार्वर्ड मेडिकल स्कूलमा पोस्टडक्टोरल रिसर्च स्कालर छन्, जुन बोस्टन, म्यासाचुसेट्सको म्यासाचुसेट्स जनरल अस्पतालसँग सम्बद्ध छ। उनी मोड्युलर, पोर्टेबल, र अन्तरिक्ष स्टेशनहरू र युद्धक्षेत्रहरूमा पठाउन सकिने गैर-घुमाउने सीटी स्क्यानर विकास गर्ने परियोजनामा संलग्न छन्।

सिरहाको लहानबाट एसइइ, विराटनगरको गोल्डेन गेट इन्टरनेशनल कलेजबाट प्लस टु पास गरेका डा. गुप्ता कोरियाली सरकारको छात्रवृत्ति भौतिकशास्त्रमा स्नातक, मास्टर र पीएचडी गरेका छन्।

उनले कोरियन सोसाइटी अफ रेडिएसन इन्डस्ट्रीको २०१९ अन्तर्राष्ट्रिय सम्मेलनमा आफ्नो अनुसन्धानका लागि उत्कृष्ट मौखिक प्रस्तुति पुरस्कार जितेका थिए। उनले आफ्नो मास्टरको अनुसन्धानको लागि उत्कृष्ट थेसिस पुरस्कार पनि पाए।

आफ्नो पीएचडीको क्रममा, उनले आफ्नो मास्टरको अनुसन्धान जारी राखे र अनुकूलित कार्बन नानोट्यूब इलेक्ट्रोन उत्सर्जकहरूमा आधारित भ्याकुम-सील गरिएको डिजिटल एक्स-रे ट्यूबको विकासमा काम गरे।

टुडी देखि थ्री डि सीएनटी क्षेत्र उत्सर्जकहरू विकास गर्ने उनको अवधारणा २०२२ मा डायमण्ड र कार्बन सामग्रीको ३२ औं अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरिएको थियो, जहाँ उनले सिल्भर एल्सेभियर यंग स्का'लर अवार्ड प्राप्त गरे। उनले सीएनटी एक्स-रे प्रविधि प्रयोग गरेर कम-खुराको विकिरण स्रोतको विकास गर्ने आफ्नो अवधारणा प्रस्तुत गरेकोमा कोरियाली एसोसिएसन अफ रेडिएसन प्रोटेक्शनको २०२३ को वसन्त सम्मेलनमा उत्कृष्ट मौखिक प्रस्तुतीकरण पुरस्कार पनि प्राप्त गरे।

२०२३ मा उनले रेडियोलोजिकल सोसाइटी अफ नर्थ अमेरिकाबाट विश्वको सबैभन्दा सानो र सबैभन्दा हल्का कार्बन नानोट्यूबमा आधारित पकेट एक्स-रे विकास गरेकोमा ट्रेनी रिसर्च अवार्ड प्राप्त गरेका छन्।

# निर्वाचनपछि गठबन्धन हुनसक्छ : महामन्त्री

टुडे समाचारदाता

पाटन । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले चुनावमा मतदातालाई रुखमै भोट हाल्ने वातावरण बनाउने बताएका छन्। ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा जारी नेपाली कांग्रेसको महासमिति बैठकको बन्दसत्रमा साङ्गठनिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै महामन्त्री थापाले आफ्नै सङ्गठनलाई थप ऊर्जाशील बनाउँदै आम जनताको मत र विश्वास बढाएर कांग्रेसले एक्लै बहुमत ल्याउन सक्ने पार्टीका रूपमा पुनःस्थापित गरिनेमा जोड दिए।



"कुनै पनि दलले बहुमत प्राप्त नगरेको अवस्थामा निर्वाचन पछाडि निश्चित साझा नीति तथा कार्यक्रम बनाएर सरकार सञ्चालनका लागि अन्य दलसँग तालमेल गर्ने कुरा स्वाभाविक हुनसक्छ, तर निर्वाचन पूर्वको गठबन्धन लोकतन्त्रमा नियमित राजनीतिक अवस्था नभएर एउटा बाध्यात्मक परिस्थितिको उपज थियो भन्ने कुरालाई मनन गर्दै कांग्रेस महासमिति बैठकबाट पार्टीका सदस्य, शुभेच्छुक तथा समर्थक र आम नागरिकलाई पूर्ण विश्वास दिलाउँदै भविष्यमा हुने आवधिक निर्वाचन आफ्नै ताकतमा एक्लै लड्ने छौं र हाम्रो मतदातालाई कांग्रेसको चुनाव चिन्ह रुखमै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्नेछौं।" उनले भने।

> हाम्रा समर्थक सुभेच्छुकको अपेक्षालाई पार्टीको विचार, नेतृत्व र कार्यशैलीबाट सम्बोधन गर्दै आशा र ऊर्जामा परिणत गर्नुपर्ने चुनौती छ । मूलत : पार्टीले लिने विचार र यसको नेतृत्वको छविका आधारमा नै यो पङ्तिले आषनो धारणा बनाउने हो ।

उनले एउटा विशिष्ट राजनीतिक परिस्थितिमा संविधानको रक्षाका लागि कांग्रेसले निर्वाचन अगाडि गठबन्धनको नेतृत्व गर्नुपरेको बताए। उनले गत निर्वाचनमा कांग्रेसले पाँच वर्षको लागि गठबन्धनसहित मत मागेकाले यो अवधिसम्म जनतासँगको वाचा र अन्य साझेदार दलसँगको सम्झौता बमोजिम राजनीतिक इमानदारी प्रदर्शन गर्नेमा सचेत रहेको जानकारी गराए।

थापाले संसद्भित्रको कांग्रेसको भूमिकालाई पनि त्यसै अनुरुप सुदृढ र प्रभावकारी बनाउने प्रतिबद्धता जनाउनुहुँदै पार्टीले भ्रष्टाचारमा, महिलामाथि हुने हिंसा, सामाजिक विभेद, छुवाछुत लगायतमा शून्य सहनशीलताको नीति अङ्गीकार गर्नेमा जोड दिए।

"आदर्शका लागि जीवनपर्यन्त कठोर सङ्घर्ष गरेका, प्राण आहुति दिएका अथक योद्धाले जन्माएको पार्टी नेपाली कांग्रेसले कुनै पनि निर्णय गर्दा तीनै अग्रजको बलिदानलाई स्मरण गर्दै तत्काल कुनै अप्ठ्यारा र चुनौती आए पनि पार्टीले क्षति नै बेहोर्नुपरे पनि लोकतान्त्रिक मूल्यमान्यता, राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र विधिको शासन लगायतका आधारभूत मान्यतामा कहिल्यै सम्झौता गर्ने छैनौं।"-उनले भने

नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउने यस्ता क्षेत्रगत स-साना कार्यले देशलाई समुन्नतितिर लान नै कांग्रेसको जनमुखी परिचय पनि स्वत : स्थापित गर्छ भन्नेमा कांग्रेसलाई गहिरो विश्वास छ भन्दै सङ्घ र प्रदेशमा सरकार साझेदारी र स्थानीय तहको सरकारको नेतृत्व गरेको कांग्रेसले सेवा प्रवाहलाई चुस्त बनाउँदै शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्यममा सुधार र सकारात्मक भविष्यको अनुभूति नागरिकलाई कसरी गराउने भन्नेमा पार्टीले गम्भीरतापूर्वक प्राथमिकता दिने जानकारी गराए।

"हाम्रा समर्थक सुभेच्छुकको अपेक्षालाई पार्टीको विचार, नेतृत्व र कार्यशैलीबाट सम्बोधन गर्दै आशा र ऊर्जामा परिणत गर्नुपर्ने चुनौती छ। मूलत : पार्टीले लिने विचार र यसको नेतृत्वको छविका आधारमा नै यो पङ्तिले आफ्नो धारणा बनाउने हो।

सङ्गठन संरचना र सदस्य संख्याले तिनलाई खासै प्रभाव पार्दैन । यस्तो बेला पार्टीको विचार र एजेण्डा स्पष्ट हुनुपर्छ र उनीहरूसँग पार्टी नेतृत्वले नै संवाद गर्न अघि सर्नुपर्छ। तिनलाई आफ्ना एजेण्डा बुझाउनुपर्छ, मुलुकको अवस्थाका कारण सृजित कतिपय सीमाका बारेमा बताउनुपर्छ।" उनले भने।

# पर्यटकलाई लोभ्याउन भिजिट जनकपुरधाम स्कीम

**टुडे समाचारदाता**

जनकपुरधाम । ऐतिहासिक धार्मिक नगरीको रुपमा रहेको जनकपुरधाममा पर्यटकलाई लोभ्याउने गरी भिजिट जनकपुरधाम २०२४ ले एक वर्षे कार्ययोजनासहित नयाँ स्कीम ल्याउने भएको छ।





यसका लागि जनकपुरधाम उपमहानगरपालिका, जनकपुरधाम उद्योग वाणिज्य संघ, होटेल व्यवसायी संघलगायतका सरोकारवाललाई मुस्कानसहितको सेवा एवम् तालिमलगायतका पर्यटकका लागि प्याकेजसहितको स्कीम योजना ल्याउने तयारीमा जुटेको छ।

जनकपुरधामउपमहानगरपालिकाका मेयर मनोजकुमार साहले जनकपुरधाममा बाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गराउनका लागि योजनाबद्धरुपमा काम गर्नुपर्ने बताएका छन्।

जनकपुरधाममा बुधबार भिजिट जनकपुरधामले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै जनकपुरधाम उपमहानगरपालिकाका मेयर साहले ऐतिहासिक तथा धार्मिक दुष्टिकोणलेसमेत निकै महत्वपूर्ण मानिएको माध्यमिकी परिक्रमा क्षेत्रको ११ स्थानलाई पर्यटकीय नगरीको रुपमा विकास गर्न आवश्यक रहेको बताए।

उनले यससंगै जनकपुरधाममा पर्यटकलाई मध्यनगर गर्दै टुरिज्म प्याकेज र यसका लागि टुर प्याकेज गाइडसहितको बुक प्रकाशन गर्नुपर्ने आवश्यक रहेको बताए।

जनकपुरधाम उद्योग वाणिज्य संघका उपाध्यक्ष अम्भुप्रसाद साहले भिजिट जनकपुरधाम २०२४ को एक वर्षे कार्ययोजना सार्वजनिक गरेका छन्।

भिजिट जनकपुरधामका संयोजक अम्भुप्रसाद साह केही आवश्यक क्षेत्रलाई समेट्दै पर्यटकीय सम्बन्धी सरोकारवाल रहेकाहरुसंग छलफल, विचार विमर्श, समन्वय, सहकार्य, मुस्कानसहितको सेवालगायतकामा केन्द्रित रहेर दुई महिनाभित्रमा जनकपुरधामदेखि बर्दिबास क्षेत्रसम्मका होटेल व्यवसायी, इ-रिक्सा,सामाजिकअभियन्तालगायतकाहरुसंग कार्यक्रम गर्ने योजना रहेको उनले बताए।

त्यस्तै रामायण सर्किटका लागि जनकपुरधामलाई भारतको अयोध्यासंग जोड्नका लागि विभिन्न कार्यक्रम गरिने, चितवन, लुम्बिनी, भैरवहा, धरान, इलाम, इटहरी, विराटनगर, काकरभिठ्ठा, नेपालगंज, काठमाण्डुलगायतका क्षेत्र, भारतको अयोध्या, दरभंगा, पटना, गोरखपुर, लखनउ, बाराणसीलगायतका क्षेत्रलाई केन्द्रविन्दु बनाएर पर्यटकीय गतिविधिका लागि सरोकारवाललाई तालिमसमेत उपलब्ध गराउने योजना रहेको संयोजक अम्भुप्रसाद साहले बताए।

# आफ्नो चरित्र हत्या गर्ने प्रयास गरियो

**टुडे समाचारदाता**

जनकपुरधाम । शहीदनगर नगरपालिकाका नगरप्रमुख दिनेशप्रसाद यादवले आफूमाथि विभिन्न खाले टिकाटिप्पणी प्रति ध्यानाकर्षण भएको जनाउँदै तथानाम आरोप लगाएर गरिरहेको आन्दोलन गलत र झुठा रहेको बताएका छन्।

नगरपालिकाबाट प्रदान हुँदै आएको सबै सेवालाई थप प्रभावकारी बनाएर प्रदान गर्न आफू हरहमेसा तयार रहेको भन्दै नगरप्रमुख यादवले नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतमाथि विभिन्न छानबिन भइरहेका जनाउँदै केही ढिला हुन पुगेको बताए।

शिक्षा शाखा प्रमुखको लागि तीन जनालाई सहमति दिए ता पनि हालसम्म सरुवा भइ नआएको र शहीदनगर नगरपालिकाले प्रदेश लोकसेवा आयोग तथा सम्बन्धित निकायलाई समेत पत्राचार गरिसके पनि हालसम्म पनि पदपूर्ति हुन नसकेकोले उक्त समस्या आएको नगर प्रमुख यादवले भने।

उनले हालसम्म सो शाखामा कर्मचारी नहुँदा कार्यपालिका सदस्य विश्वनाथ यादवले नै काम काज गर्दै आएकाले सर्वदलीय संघर्ष समितिमा समेत उनी सम्मिलत हुनु दुःखद भएको बताए।

नगरप्रमुख यादवले सर्वदलीय संघर्ष समिति शहीदनगर नगरपालिकाले लगाएको सम्पूर्ण आरोपहरु निराधार, झुठो, कपोकल्पित एवं बनाबटी रहेको बताए।

नगरप्रमुख यादवले भने- 'शिक्षा शाखामा कार्यरत विश्वनाथ यादवलाई आफ्नै विद्यालयमा फिर्ता पठाउनको लागि सर्वदलीय संघर्ष समितिले चरणबद्धरुपमा गरिरहेको आन्दोलनप्रति ध्यानाकर्षण भएको भन्दै उनले यस विषयको समस्या समाधानका लागि आफु गम्भीरताका साथ लागेको बताए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिपत्र र शिक्षा विकास तथा समन्वय इकाइ धनुषाद्धारा प्राप्त भएको पत्रलाई यस नगरपालिकाले कार्यान्वयनमा ल्याएको व्यहोरा सम्बन्धित निकाय तथा आम सरोकारवालाहरुलाई अवगत गराउन चाहन्छौं।'


**SONY'S WE CARE SERVICES PVT. LTD.**

**MUJELIYA, JANAKPUR-14, NEPAL**

**Ph: 9825277732, Email: sonyswecare@gmail.com**

**मूल्यसूची**

नेपाल सरकारद्वारा सामुदायिक स्कूलहरुमा छात्राहरुलाई प्रत्येक महिना स्थानीय गाउँ तथा नगरपालिका मार्फत सेनेटरी प्याडहरुको निःशुल्क वितरणको व्यवस्था छ। यस कम्पनीका उत्त सेनेटरी प्याडको मूल्यसूची निम्नानुसार रहेको जानकारी गर्दछौ।

| S. No. | Brand | Product | Size | Pcs Per Pkt | MRP Per Pkt |
|---|---|---|---|---|---|
| 1 | Sony's WeCare | Ultra Thin 100% Natural cotton Pad | 280 MM | 7 | 120 |
| 2 | Sony's WeCare | Premium Organic Cotton Pads (Premium quality) | 330 MM | 8 | 160 |

वेनडिंग र डिस्पोजल मेसिनपनि बजारमा बिक्रि वितरणका लागि ल्याएको र यसको मूल्यसूची निम्नानुसार रहेको जानकारी गर्दछौ।

| Machine | Type | Pad Capacity | MRP / Pc. |
|---|---|---|---|
| Vending Machine-100 | Smartcard | 100 Pcs | 50, 000 |
| Vending Machine-60 | Smartcard | 60 Pcs | 45, 000 |
| Vending Machine-30 | Coin | 30 Pcs | 28, 000 |
| Disposal Machine-100 | With Display | 100 Pcs | 38, 000 |
| Disposal Machine-50 | With Display | 50 Pcs | 32, 000 |


ब इजलास,

**जनाब सब जन प्रथम**

**मोकाम मधुबनी ।**

**हकियत वाद संख्या ७२/२०२२**

अशोक कुमार मुखिया ................................. मुदैई

**बनाम**

लक्ष्मण मुखिया वो. ................................. मुदालहुम

**प्रकाशन का प्रारुप**

अशोक कुमार मुखिया ................................. मुदैई

**बनाम**

रामचन्द्र मुखिया पिता स्व. लक्ष्मी मुखिया


साकिन टोकी खैरबना, थाना-धनुषा, जिल्ला-धनुषा (नेपाल)

चूँ बजरीये यस प्रकाशन के आपको अगाह किया जाता है कि मुदैई अशोक कुमार मुखिया ने आपके वो अन्य के विरुद्ध न्यायालय सब जज प्रथम मोकाम मधुबनी में हकियत वाद संख्या ७२/२०२२ दाखिल किया है जिसमें आपकी उपस्थिति अनिवार्य है वो आप बाबजुद नजारत वो डाक सम्मन तामिल के न्यायालय में अभी तब उपस्थित नहीं हुए हैं। इसलिए आपको वर्तमान नोटिस के माध्यम से सुचित किया जाता हैं कि आप स्वयं या अपने ऐजेण्ट तथा रिप्रजेन्टेटीव या अपने अधिवक्ता के माध्यम से दिनांक २९/०२/२४ को समय १० बजे न्यायालय मे उपस्थित होकर अपना उजुर पेश करें अन्यथा आपके विरुद्ध न्यायालय द्वारा वाद की एकपक्षीय सुनवाई कर ली जाएगी जिसके सारे हर्जा वो खर्चा के जबाबदेह आप स्वयं होंगे।

कृपया यसै आवश्यक समझें।

**सब जज प्रथम**

**मधुबनी**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

## भारतको प्रशंसनीय निर्णय

भारत सरकारले नेपाली नागरिकलाई भारतीय सीमकार्ड सहज रुपमा उपलब्ध गराउने निर्णय गरेको छ । भारतमा नेपाली नागरिकलाई भारतीय सीमकार्ड उपलब्ध गराइने प्रावधान थिएन् । सन् २०१२ देखि नै नेपालीले भारतीय सीमकार्ड पाइरहेका थिएनन् । भारतमा लामो समय बस्नु पर्ने नेपाली नागरिकहरुले त्यहाँको आधार कार्ड नै बनाउनु पर्ने बाध्यता थियो । तर स्वास्थोपचार, धार्मिक यात्रा लगायतका प्रयोजनका लागि भारत जानेहरुलाई सीमकार्ड नहुँदा साह्रै मर्का पर्ने गरेको थियो । नेपाली सीमकार्डको रोमिंग चार्ज भारतमा अत्यन्त महँगो छ । नेपालीहरुले बोक्ने नेपाली सीमकार्डको प्रयोग भारतमा अत्यधिक महँगो भएकाले त्यसको प्रयोग न्यून नै हुने गरेको छ । ठूला व्यवसासायिक अथवा सरकारी उच्च पदस्थ व्यक्तिहरु बाहेकले रोमिंग भएको नेपाली सीमकार्ड भारतमा प्रयोग गर्दैनन् ।भारत सरकारको सूचना एवं प्रविधि मन्त्रालयले १२ वर्ष पुरानो कानुनलाई संशोधन गरी नेपाली नागरिकको हकमा नागरिकता प्रमाण पत्र, पासपोर्ट, मतदाता परिचय पत्र अथवा नेपाली राजदूतावासले पहिचान खुल्ने फोटो सहितको जारी गर्ने परिचय पत्रको आधारमा भारतीय मोबाइल कम्पनीको सीमकार्ड उपलब्ध गराउन सहज बनाएको छ । यसका लागि नेपाल सरकारको तर्फबाट विभिन्न स्तरमा पहल भइरहेको थियो । पछिल्लो पटक संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति राजकिशोर यादवको नेतृत्वमा भारत भ्रमण गरेको उच्च स्तरीय टोलीले भारतीय विदेश मन्त्री एस जयशंकरसँग भएको छलफलमा भारतीय सीमकार्डको विषय उठाइएको थियो । त्यसपछि भारत सरकारले नेपाली र भुटानी नागरिकलाई सीमकार्ड दिन कानुन संशोधन गरेको छ । तीन महिना मान्य अवधि हुने सो सीमकार्डमा अन्तर्राष्ट्रिय रोमिंगको व्यवस्था रहने छैन् । तीन महिना भित्र रिचार्जका लागि भारतीय सीमामा जानु पर्नेछ । तीन महिना भित्र रिचार्ज नभए सीमकार्ड निस्कृय हुनेछ । सीमकार्ड अर्को हप्तादेखि वितरण हुने बताइएको छ । सूचना एवं प्रसारण मन्त्रालयको सूचना विभागले भारतमा दूरसञ्चार सेवा प्रदायक सबै मोबाइल कम्पनीहरुलाई निर्देशन जारी गरिसकेको छ । त्यस अनुसार कम्पनीहरुले आन्तरिक गृह कार्य गर्न हप्ता दिन सम्म लाग्ने बताइएको छ । नेपालीहरुले नागरिकता, पासपोर्ट र मतदाता परिचय पत्रको आधारमा भारतीय सीम प्राप्त गर्ने भएपछि कामका लागि भारतमा रहेकाहरुलाई पनि संवाद गर्न सहज हुनेछ । भारतमा तीर्थ यात्राका लागि जाने वा अध्ययन, उपचारका लागि जाने नेपालीहरुका लागि यो अत्यन्त खुशीको खबर भएको छ । नेपाल र भारतबीच 'फोन पे' बाट आर्थिक कारोबार हुन थालेपछि नगद बोक्ने उच्च जोखिमपूर्ण र झण्झटिलो प्रकृयाबाट समेत मुक्ति मिल्ने थियो । यस तर्फ पनि सकारात्मक पहल आवश्यक छ ।

# बीआरआईबारे नेपालको जायज चिन्ता



श्रीमन नारायण

केही अघि चिनिया उपन्त्रीको नेतृत्वमा आएका उच्चिस्त रीय चिनिया प्रतिनिधिमण्ड लले नेपालका प्रायः सबै जसो राजनीतिक दलका नेताहरुसित भेटवार्ता गरे । नेपाल-चीन सम्बन्धबारे केन्द्रि त एक अन्तरक्रियामा चिनिया उपमन्त्रीले नेपाल-चीन सम्बन्धबारे गम्भीर चासो ब्यक्त गर्नुका साथै टिकाटिप्पचणी पनि गरे । चीनले नेपालसित नयाँ परि स्थिचति अनुसारको सम्बन्ध विकसित गर्न चाहेको इच्छी पनि उनले ब्यक्त गरे तर नयाँ परिस्थिथति के हो ? पुरानो परिस्थिीथि भन्दा यो के कति फरक रहने हो ? त्यसबारे केही पनि प्रष्टि पारेनन् । नेपालमा बीआरआई (बेल्ट एण्डो रोड इनिसिएटिभ) बारे भ्रम फैलाइएको आरोप पनि लगाए । नेपालका तर्फबाट एक चीन नीतिप्रति थप प्रतिबद्धता खोजिने काम भयो । नेपाल एउटा स्वातन्त्र , सार्बभौम एंव गौरवशाली इतिहास बोकेको राष्ट्रक भएका कारण यसले आफ्नो हित अनुकुलको आन्तरीक तथा बाह्यद नीति बनाउन स्वतन्त्रा छ ।बिआरआई अन्तरगतको चिनिया ऋण लिने, किन लिने र नलिने लगायतका विषयमा समिक्षा गर्न र निर्णय लिने अधिकार नेपालले आफुमा सुरक्षित राखेकोछ । उत्तरी छिमेकी चिनलाई ऋण दिने हत्तार हुन सक्दलछ तर अहिले नै देशको कुल जिडीपीको एक तिहाई भन्दा बढी ऋण-ब्याज तिर्नुपर्ने अवस्थामा रहेको नेपालले केवल राजनीतिक अवस्था अथवा सम्बन्धको आधारमा आफ्नो आर्थिक हितलाई तिलान्जली दिन सक्दैन । बिआरआईमा नेपालको गम्भिर चिन्ता छ तथा जबसम्मा यसले आफ्नो चासोको सम्बोधन राम्ररी भएको अनुभव गर्दैन । तबसम्मज यसको पक्षमा निर्णय लिनुको औचित्य देखिदैन ।

चिनियाँ राष्ट्रचपति सी जिनपिंगको महत्वाकाँक्षी आर्थिक परियोजना बेल्ट एण्डा रोड इनिसिएटिभ (बिआरआई) अन्तरगत लगानी गरिएका ऋण समयमै उठ्न् सक्नो सम्भावना नदेखिएका कारण यो कतै स्वपयम् चीनका लागी पनि त समस्या हुने होईन ? भन्नेव विषयमा चीन भित्र पनि आशंका उब्जि न थालेकोछ । सधै ऋणमा रहिरहने गरीब देशहरुले चीनबाट बिआरआई अन्तरगतको ऋण लिएका छन् । यी देशहरु चाहेर पनि समयमै ऋणको राशी चुक्ता गर्न सकिरहेका छैनन् । कतिपयलाई त ब्याजको राशी चुक्ता गर्नमा पनि समस्या भईरहेकोछ । बिआरआई अन्तरगत लगानी गरिएको पैसा समयमै फिर्ता आउने सम्भावना नदेखिएका कारण अब यसको असर पनि देखा पर्न थालेको छ । चिनिया कम्प्युनिष्ट पार्टी भित्र पनि अब यस परियोजनाको सफलता माथि आंशका ब्यक्त गर्ने काम भईरहेको छ । अपारदर्शी तरिकाले ऋणको लगानी गर्ने चीन पनि यसको असफलताका लागी त्यति बढी नै जिम्मेवारी ठहरिने छ। चिनियाहरुको मनोगत विश्लेलषणमा नेपालमा बिआरआईबारे भ्रम फैलाईएको छ तर अहिलेको समयमा विश्व कै अनुभवले यस्तो कुरा बताईदिन्छ ।

बिआरआईबारे नेपालमा भ्रम फैलाइएको छैन, यो हाम्रो निम्ति चिन्ताको विषय हुनुको कारण पनि छ। यसको एउटा सानो उद्दाहरणको रुपमा पोखरा अन्तरराष्ट्रिचय विमानस्थालको निर्माणलाई लिन सकिन्छ ।बीआरआईको अवधारणा आउनु अघि नै पोखरा अन्तराष्ट्रिकय विमानस्थिलको निर्माणको सम्बन्धअमा चीनसित सम्झौता भईसकेको थियो। चीनको एर्क्जिम बैंङ्कबाट द्द प्रतिशतको ब्याज दरमा द्दद्द अर्ब ऋण लिईएको थियो । करिब द्दद्द अर्ब ऋणमध्ये द्दछ प्रतिशत रकम निर्ब्याजी रहेको भनिन्छ । पोखरा अन्तरराष्ट्रिय विमानस्थैलको निर्माण चिनिया ऋणबाट भएको हो । नेपालले द्दण वर्ष सम्मतमा सम्पुर्ण साँवा ब्याज चुक्ता गरिदिनुपर्नेछ । पोखरा विमानस्थेल परियोजनाका लागी नेपालले चीनलाई ब्याज मात्र वर्षौनी घण करोड रुपैया बुझाउनु पर्नेछ । साँवा ब्याज निश्चि त अवधिमा चुक्ता हुने गरी प्रत्येकवर्ष नियमित रुपमा बुझाउने हो भने हामीले प्रत्येक वर्ष ज्ञ अर्ब ज्ञट करोड रुपैया चीनलाई चुक्ता गर्नु पर्नेछ, जवकी नागढुङ्गा सुरुङ्ग निर्माणका लागी जापान सरकारबाट द्धण वर्षमा तिर्नेगरी शुन्य दशमलव शुन्य एक प्रतिशत ब्याजदरमा लिईएको ऋणको ब्याज वार्षिक द्दण लाख हुने छ । सुरुङ्ग मार्गको साँवा ब्याज वर्षेनी छण करोड मात्रै बुझाउनु पर्नेछ । त्यो पनि द्धण वर्षमा पोखरा अन्तरराष्ट्रि य विमानस्थबलबाट दैनिक घद्द लाख रुपैयाको नगद प्रवाह त केवल साँवा-ब्याज भुक्तानीको निर्मिम्ति हुनु आवश्य क छ । विगत एक वर्षमा त त्यस्तो केही पनि उपलब्धि भएन । भनिन्छ, विगत एक वर्षमा द्द लाख रुपैया मात्रै आम्दानी भएकोछ ।

पोखरा विमानस्थलको उदघाटनको अवसरमा नेपालका लागि कार्यवाहक चिनियाँ राजदुतले यसला विआरआई अन्तरगतको ऋण सहयोगवाट निर्माण भएको दावी गरिरहदाँ नेपाल सरकारको तर्फबाट तत्काल यसको खण्डन भएन। पोखरा विमानस्थल वीआरआई अन्तरगत निर्माण भएको भए अवश्य नै यस परियोजनाको मोडल यसै खालको हुनेछ जुन नेपालको हकमा सावित हुने छैन । आर्थिक रुपमा धान्नौं नसक्ने र अन्ततः ऋण तिर्न नसकेर परियोजनाको स्वामित्वनै ऋण दिने देशलाई सुम्पिनुको अर्थ आफ्नो आत्मसम्मान, स्वाभिमान एंव राष्ट्रिय गौरवलाई धितोमा राख्नुअ सरह हो, विक्री गर्नु हो। उत्तरी छिमेकीबाट जतिबढी अनुदान सहयोग आए हामी त्यसको स्वागत गर्नेछौं,आभार पनि प्रकट गर्ने छौं तर ऋण चाहिएन। दक्षिणी भारत र अमेरिका जस्तै चिनले पनि अनुदान दिन अगाडी बढनुपर्दछ । चिनकै सुझाव अनुसार नेपालले आग्रह गरेको विभिन्नस ढ वटा परियोजनालाई विआरआईमा सहभागी गराउने आश्वाहसन थियो,तर एउटालाई पनि सहभागी गराउने निर्णय चीनले गरेको छैन जवकी आफ्नो अनुकुलता र लाभका हिसाबले नेपालले माग नै नगरेको पान्डाल प्याक तथा अमिटीड्रिन्क्गि वाटर प्रोजेक्टलाई नेपालको टाउकोमा लादिएको छ। पोखरा विमास्थलको ऋणलाई लिएर उत्पन्न भ्रम एंव आंशकाले नै नेपालीहरुको मनमा बिआर आई प्रति अविश्वाईस र चिन्तां वढाएको छ, यसको निम्तिर चिन आफै जिम्मेवार छ । अन्तराष्ट्रिय ऋण सम्झौताका लागि गोपनियता आवश्यक छ भन्दैम चिनले गोपनीय सम्झौतालाई त्यसमा सामेल गराइहाल्छ र आफ्नो ऋणको वारेमा कसैलाई पनि जानकारी गराईरहेको हुँदैन । एकपटक बिआरआई अन्तरगतको ऋणको लेनदेन सम्बन्धि विवादको समाधान चिनियाँ अदालतमा र त्यसको फैसला नै अन्तिम र मान्य हुने व्यवस्था छ जबकि अन्तराष्ट्रिय वित्तिय संस्थाको भने त्यस्तो छैन ।

कुनै जमानामा यूरोपेली राष्ट्रहरुले गरिब राष्ट्रलाई आफ्नो ऋणको पासोमा पारेर ढढ वर्ष सम्म ती देशका गौरवशाली प्रतिष्ठानहरुलाई आफ्नो नियन्त्रणमा लिने गर्दथे। त्यतिबेला त चीनले त्यसलाई साम्राज्यवाद, विस्तारवाद र उपनिवेशवादकोसंज्ञा दिएर चर्को विरोध गर्दथ्यो । बामपन्थी साहित्यहरुमा उपरोक्तय तीन शब्दको व्याप्क प्रयोग भएको पाउन सकिन्छ तर चिन स्वंमले नै श्रीलंकाको हम्वनटोटा बन्दरगाहालाई ढढ वर्षको निम्ति आफ्नो नियन्त्रणमा लिईसकेको छ, अब यसलाई उपनिवेशवाद, विस्तारवाद र साम्राज्यवाद मान्ने् कि नमान्नेह ?

प्रायः चीनका आलोचकहरुले यसमाथी अरुदेशको प्रमुख प्रतिष्ठानमाथी कब्जा जमाउने नीति रहेको आरोप लगाउने गर्दछ । यो आलोचना मात्रै होइन, श्रीलंकाको हम्वनटोटा बन्दरगाहाको ठण्ण प्रतिशत शेयर अन्ततः चिनले आफै लिनु,र लाओसको रेलवेको ठण प्रतिशत स्वामित्व चिनले आफ्नो नियन्त्रणमा राख्नु,, यस्काउदाहरण त पाकिस्तानका वहालवाला प्रधानमन्त्री इमरान खान स्वयंले नै सिपेक सम्झौता अन्तरगत चिनवाट लिइएको ऋणको शर्तहरुबारे आफूलाई केहि पनि जानकारी नभएको बताएका थिए ।

विश्वबैंक, एसियाली विकास वैंक र अन्तराष्ट्रिय मुद्राकोष लगायतका वितिय संस्थाहरुले दिने ऋण र चिनले दिने ऋणको शर्तमा निकै अन्तर रहेको पाइन्छ । अन्तराष्ट्रिय वित्तिय संस्थाहरुको ऋणको व्यादर ज्ञ.छ प्रतिशत सम्म हुन्छ जवकी चिनको २ देखि ५ प्रतिशत सम्म हुन्छ । यसै गरी अन्तराष्ट्रिय वित्तिय संस्थाहरुको ऋण चुक्तिा अवधी द्दछ देखी घण वर्षको हुन्छ। जबकि चीनको ऋणलाई ज्ञण देखि ज्ञछ वर्ष भित्रमा नै चुक्तो गर्नु पर्ने हुन्छ। चिनले प्रदान गर्ने ऋणको प्रकृति गोप्य हुने गर्दछ जसले गर्दा शासक र अधिकारीहरुलाई भ्रष्टाचार गर्नमा पनि सजिलो हुन्छ तर विश्वगकैंकको ऋण, आधिकारीक र सांख्यिनकीय दृष्टिकोणले पारदर्शी हुने गर्दछ । हुन् । जीवुटीको कुल जिडिपीको ठछ प्रतिशत, लाओस, माल्दिभस्, मंगोलिया र मोन्टेग्रो जस्ता देशहरु आफ्नो कुल जिडिपीको छण देखी तिन चौथाई प्रतिशत सम्मको रकम चिनलाई ऋण चुक्ता गर्न खर्च गरिरहेका हुन्। मलेसिया, इटली इण्डोनेशिया र बंगलादेशले पनि बिआरआईसित सम्बन्ध तोडेको अथवा तोडने मानसिकता बनाएको छ । मध्यएशिया र पूर्वी सोभियत साम्राज्यका आर्थिक रुपले कमजोर कजाकिस्ताना, उज्बेकिस्तान, तुर्कमेनिस्तान जस्ता देशरुको पनि कुल जिडिपीको २५ देखि ३० प्रतिशत सम्म रकम चिनलाई ऋण चुक्तात गर्नमै खर्च गरी राखेको छ, यस्तोमा नेपालले जानी जानी ऋणको भारी आफ्नो टाउकोमा किन बोक्ने ? पोखरा विमानस्थलको ऋण चुक्ताज गर्न त गाह्रो भईरहेको छ, केरुङ-काठमाण्डौ रेलमार्गको झन छ-ठ खर्ब लिएर आफैलाई तहस नहस पार्ने कार्य किन गर्ने ? बिआर आईको ऋण होईन, उत्तरी छिमेकीले केवल आर्थिक अनुदान दिएको हामीलाई सहर्ष स्वीकार हुनेछ।

> मध्यएशिया र पूर्वी सोभियत साम्राज्यका आर्थिक रुपले कमजोर कजाकिस्ताना, उज्बेकिस्तान, तुर्कमेनिस्तान जस्ता देशरुको पनि कुल जिडिपीको २५ देखि ३० प्रतिशत सम्म रकम चिनलाई ऋण चुक्ता गर्नमै खर्च गरी राखेको छ, यस्तोमा नेपालले जानी जानी ऋणको भारी आषनो टाउकोमा किन बोक्ने ?




## अन्तर्राष्ट्रिय मातृभाषा दिवसको सन्दर्भ :

# मातृभाषा प्रवर्द्धनको अवस्था र पहल



गणेशकुमार राई

महात्मा गान्धीले आत्मकथामा मातृभाषाबारे मननीय वाक्यांश उल्लेख गरेका छन् । 'जो हिन्दूस्तानी आमा-बाबु आफ्नो बच्चासँग बाल्यकालदेखि अङ्ग्रेजीमा कुराकानी गर्न थाल्छन्, उनीहरू आफ्नो राष्ट्रको द्रोह गर्छन् । मैले यो पनि मानेको छु कि यसले बालक आफ्नो देशको धार्मिक र सामाजिक बिरासतबाट बञ्चित रहन्छ । त्यत्तिकै अंशमा देशको र विश्वको सेवा गर्नका निम्ति कमयोग्य बन्छ । मातृभाषाको सामान्य ज्ञान जो स्वतः उनीहरू पाउँछन्, त्यसले उनीहरूको र राष्ट्रको फाइदा नै पुगेको हुन्छ र आज उनीहरू परदेशीजस्तो भएका छैनन् ।

गान्धीको अभिव्यक्ति उन्नाइसौँ शताब्दीको हो । भारतबाट अङ्ग्रेजको साम्राज्य हट्यो । तर पनि अङ्ग्रेजी भाषाको विस्तार दक्षिण एसियामात्र होइन, विश्व समुदायलाई गाँज्दै लगेको अवस्था छ । २१औँ शताब्दीसम्म आइपुग्दा विश्वको करिब सात हजार मातृभाषाको सङ्ख्या दिनानुदिन घट्दो अवस्थामा रहेको छ । हाम्रोजस्तो बहुभाषिक समाजलाई दिन दुईगुना रात चौगुना भने जसरी विदेशी भाषाले थिचिरहेको अवस्था छ । एक दिन कविता वाचन गराएरमात्र मातृभाषाको विकास हुन सक्दैन । तीनै तहको सरकारले मुलुकभित्र बोलिने मातृभाषालाई संविधान अनुकूलको व्यवहार गर्न जरुरी छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठान (नेप्रप्र)ले २०१० देखि २०२२ सम्म दुईदिने मातृभाषा कविता महोत्सवको आयोजना गर्दै आयो । नेप्रप्रको तत्कालीन कुलपति बैरागी काइँला नेतृत्वले छुट्टै एकेडेमीमा मातृभाषा साहित्य विभाग गठन गरेर मातृभाषा क्रियाकलापलाई बढावा दियो र दिवसको सन्दर्भमा कविता महोत्सवको आयोजना गर्दै आयो । त्यसपछिको दुई कार्यकाल गङ्गाप्रसाद उप्रेती कुलपति रहँदासम्म निरन्तरता दियो । नेप्रप्रलगायतका सरकारको कुनै पनि निकायसँग मुलुकको मातृभाषाहरूको संरक्षण, सवर्द्धन र प्रवर्द्धन गर्ने लिखित कार्यतालिका छैन ।

नेप्रप्रले २०१० देखि २०२२ सम्म गर्दै आएको मातृभाषा दिवसमा वाचित कविताको सँगालो प्रकाशन गर्दै आएको थियो । अनुसन्धानमूलक 'मातृभाषाको रूपरेखा' तीन खण्ड र 'मातृभाषा साहित्यको इतिहास' दुई खण्ड प्रकाशित गरिएको थियो । त्यसैगरी 'सयपत्री' अर्धवार्षिक बहुभाषिक पत्रिका, नेवाः भाषाको 'थायभू', लिम्बू भाषाको 'फक्ताङ्लुङ', मैथिली भाषाको 'आङन' पत्रिका प्रकाशन गर्दै आएकामा अहिले ती प्रकाशनलाई निरन्तरता दिइएको छैन । यद्यपि सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' नारा लिएर हरेक महिनाको अन्तिम शुक्रबार मातृभाषा साहित्य शृङ्खला आरम्भ गरिएको छ । उक्त शृङ्खलामा एउटा भाषाबारे विमर्श र दुई-तीन भाषामा कविता वाचन गराउँछ । नेप्रप्रले यो वर्ष अन्तर्राष्ट्रिय मातृभाषा दिवस-२०२४ धरान उपमहानरपालिकासँग सहकार्यमा धरानमा कविता महोत्सव गर्दैछ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले दिवसको सन्दर्भमा एक मातृभाषी दिग्गजलाई सम्मान, कविता वाचन कार्यक्रम र 'थुँगा' कविता सँगालो प्रकाशन गर्दै आएको छ । यसका अतिरिक्त विभिन्न मातृभाषाका साहित्य, संस्कृति, इतिहासलगायत विविध विषयका पुस्तक प्रकाशन गर्दै आएको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार स्थापित यो प्रतिष्ठानले स्थापनाकालदेखि दुई दशकमा अनुसन्धान, साहित्य, इतिहास, संस्कृतिजस्ता सयौँ पुस्तक प्रकाशन गर्दै आएको छ । प्रतिष्ठानको उपाध्यक्ष र सदस्यसचिव राजनीतिक पार्टीको सक्रिय कार्यकर्तालाई नियुक्त गर्ने परम्पराले यो निकायले प्राज्ञिक आकार भने लिनसकेको छैन ।

### सरकारी सञ्चारमा मातृभाषा

सरकारी मातहतका सञ्चारमाध्यमले मातृभाषाहरूको संरक्षणमा केही सकारात्मक पहल गर्दै आएका छन् । रेडियो नेपालले २०५१ भदौ १ गतेदेखि विभिन्न मातृभाषामा समाचार प्रसारण गर्दै आएको छ । रेडियो नेपालले अहिले केन्द्र र प्रादेशिक प्रसारणबाट २२ भाषामा समाचार र २१ भाषामा कार्यक्रम सञ्चालन गरेको छ । केही समयअघि बज्जिका भाषाको समाचार प्रसारण आरम्भ भएको छ भने बैतडेली भाषामा योग्य उम्मेवार नपाउँदा समेट्न नसकिएको बताइएको छ । सोह्रौँ पञ्चवर्षीय योजनामा ३० भाषामा समाचार र कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

गोरखापत्र संस्थानले २०६५ असोज १ गतेबाट गोरखापत्र दैनिकमा बहुभाषिक 'नयाँ नेपाल' पृष्ठमा आरम्भ गरेको छ । अहिले ४१ वटा मातृभाषाका सामग्री प्रकाशन गरिँदै आएको छ । छ महिनाअघि तीन भाषा थपिएर ४१ भाषाका सामग्री प्रकाशन हुँदै आएको छ । एउटा भाषाले महिनामा एकपटक र एक महिना बिराएर दुईपटक छापिने गरेको छ । मुलुकमा बोलिने भाषाहरू लेखनमा देवनागरी, रोङ, किरात सिरिजङ्गा, सम्भोटा, तामयिग, रञ्जना (नेवाःलिपि), ओलचिकि, खेमा, मिथिलाक्षर, अक्खा, कोइँच ब्लेसे (सुनुवारलिपि), कैथी, धम, नस्तालिक, ब्रेल, अरबी, रोमन, गुरुमुखी, बाङला लिपि प्रयोग गरेको पाइन्छ । गोरखापत्रमा प्रकाशित भाषिक सामग्रीहरू लिम्बू, तामाङ, उर्दू, मुगाललगायत केही भाषा सम्बन्धित लिपिमा छापिने गरेको पाइन्छ ।

राष्ट्रिय समाचार समिति (रासस) नेपालको एकमात्र समाचार सेवा प्रदायक संस्था हो । नेपाली र अङ्ग्रेजी भाषामा देशभरिका पाँच सयभन्दा बढी पत्रपत्रिका, रेडियो, अनलाइन, टेलिभिजनहरूलाई समाचार सेवा दिँदै आएको राससले यसै वर्षबाट अन्य मातृभाषाको समाचारसमेत सेवा आरम्भ गरेको छ । नेपालगञ्ज नगरपालिकासँगको सहकार्यमा पहिलोपटक अवधी भाषाको समाचार सेवा सुरु गरेको छ । अब काठमाडौँ, भक्तपुर र ललितपुर महानगरपालिकासँग सहकार्य गरी नेपालभाषाको समाचार उत्पादन गर्ने योजना बनेको छ । त्यसैगरी मैथिली, भोजपुरी र तामाङ भाषालाई प्राथमिकता दिन प्रदेश सरकार र स्थानीय तहसँग पहल अघि बढेको राससले जनाएको छ । यसैगरी नेपाल टेलिभिजनले अहिले सात भाषामा समाचार र १४ वटा भाषामा कार्यक्रम सञ्चालन गर्दै आएको छ । भोजपुरी, नेवार, मगर, अवधी भाषामा समाचार थप्ने योजना बनाएको छ ।

### आदिवासी भाषा दशक

संयुक्त राष्ट्रसङ्घले सन् २०२२ देखि २०३२ लाई आदिवासी भाषा दशक घोषणा गरेको छ । त्यसमा सदस्य राष्ट्र नेपाल सरकारले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मन्त्रीकै अध्यक्षतामा मूल समिति गठन गरेको छ । अन्तर्राष्ट्रिय मातृभाषा दिवस एउटा अन्तर्राष्ट्रिय चाडका रूपमा स्थापित भएको छ । सरकारले भाषा आयोगलगायतका अन्य आयोगहरूलाई कार्यक्रमको बजेट उपलब्ध नगराउँदा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मात्र नभई आदिवासी भाषा दशकलाई प्रभावित तुल्याएको छ । राज्यको तर्फबाट दायित्व बहन भएको छैन । युनेस्को नेपाल च्याप्टरले जुन दायित्व बहन गर्नुपर्ने हो, त्यो अहिलेसम्म नगरेकाले पनि समस्या आएको हो ।

नेपालको संविधान २०७२ ले नेपालमा बोलिने सबै भाषा 'राष्ट्रभाषा'को सङ्ज्ञा दिएको छ । तर भाषा ऐन निर्माण नहुँदा सङ्घ, प्रदेश र स्थानीय सरकारले भाषासम्बन्धी ठोस काम गर्न सकेका छैनन् । यसै वर्ष बागमती प्रदेशले भाषा ऐन जारी गरेपछि नेपाल भाषा र तामाङ भाषा सरकारी कामकाजको भाषाका रूपमा लागू गर्ने प्रक्रिया अघि बढेको छ । भाषा आयोगले दिएको सुझावअनुसार बागमती प्रदेशले मात्र भाषा ऐन जारी गरेको छ । अहिले केही स्थानीय तहले स्थानीय विषयका रूपमा मातृभाषामा पठनपाठन सुरु गरेका छन् ।

राष्ट्रिय जगणना २०७८ अनुसार मुलुकमा एक सय २४ भाषा छन् । भाषा सङ्ख्या बढ्नुले मातृभाषाप्रति जागरुकता बढेको आकलन गर्न सकिन्छ तर अधिकांश भाषाहरू अल्पसङ्ख्यक छन् । कम मानिसले बोल्ने, लेख्य परम्परा छैन । केही भाषा त आफ्नै परिवारभित्र सीमित छन् । समुदायमा पनि प्रयोग हुँदैन । भाषाको प्रयोग भएन भने त्यो भाषा विस्तारै लोप हुँदै जान्छ । मातृभाषालाई जोगाइराख्न सरकारले पनि सहयोग गर्नुपर्छ । स्थानीय विषयका रूपमा पठनपाठन भयो भने मातृभाषा जोगाउन सकिन्छ । त्यसको डिजिटल अभिलेखीकरण हुनुपर्छ । बराम, पुमा, छिन्ताङलगायत अन्य केही भाषाहरूको अन्तर्राष्ट्रिय अर्काइभमा राखिएका छन् । भाषा आयोग, त्रिवि भाषा विज्ञान केन्द्रीय विभाग, प्रज्ञा प्रतिष्ठानले अल्पसङ्ख्यकले बोल्ने भाषालाई लोप हुनुभन्दा पहिले त्यसको अभिलेखीकरणमा ध्यान दिन आवश्यक छ ।

### भाषा दिवस

बङ्गलादेशमा मातृभाषा (बङ्गाली भाषा) बोल्न पाउनुपर्ने मागसहित प्रदर्शनमा उत्रिएका विद्यार्थी मारिएको दिन सन् १९५२ फेब्रअरी २१ को सम्झनामा यो दिवस मनाइएको हो । युनेस्कोले १९९९ नोभेम्बर १७ मा यस दिनलाई विशेष दिनका रूपमा स्वीकार गर्‍यो भने सन् २००० मा संयुक्त राष्ट्रसङ्घले यस दिनलाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा घोषणा गर्‍यो । त्यसयता 'फेब्रुअरी २१' (फागुन ९) लाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा मनाइँदै आएको छ । यो वर्ष सन् २०२४ मा 'बहुभाषिक शिक्षा नै अन्तर पुस्ता सिकाइको जग हो' नारासहित २५औँ दिवस मनाइँदैछ ।

नेपालमा सन् २०१० देखि औपचारिक रूपमा यो दिवस मनाउन थालिएको हो । नेपाल प्रज्ञा-प्रतिष्ठान र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले यसको सुरुआत गरेका हुन् । त्यस निम्ति नेपालस्थित बङ्गलादेश दूतावास र युनेस्कोको संलग्नता रहँदै आएका छ । नेपालको संविधान, २०७२ मा भएको व्यवस्थाअनुसार गठित संवैधानिक आयोगहरू आदिवासी जनजाति आयोग, मधेसी आयोगले समेत मातृभाषा दिवसको सन्दर्भमा मातृभाषासम्बन्धी क्रियाकलाप गर्दै आएका छन् ।

अन्त्यमा, महात्मा गान्धीले भने जसरी मातृभाषाको सामान्य ज्ञानबाट हाम्रा बालबालिका टाढिँदै छन् । मातृभाषालाई हेला गर्दा राष्ट्रघात भइरहेको छ कि ? यसतर्फ तीनै तहका सरकारले गम्भीरतापूर्वक लिएर भाषा नीति निर्माण, सम्बन्धित भाषिक समुदायको सशक्तीकरण, उत्प्रेरणा जगाउने, स्रष्टाहरूको गुणात्मक विकासमा अग्रसर तुल्याउन जरुरी छ । (लेखक मातृभाषा अभियन्ता हुनुहुन्छ)

# विचौलियाका कारण प्रतिष्ठान बदनाम : डा. पण्डित

*विगत दुई दशक देखि जनकपुरधामको चिकित्सा क्षेत्रमा कार्यरत रहँदै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्देशक सम्म यात्रा तय गर्न सफल भएका डा. रामनरेश पण्डित मधेश स्वास्थय विज्ञान प्रतिष्ठान विगतको तुलनामा धेरै परिवर्तन भइ मुलुककै उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गरिरहेको बताउँछन् । उनी नेपालमै तेस्रो स्थानको अस्पताल मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेको दावी गर्छन् । जनकपुर अञ्चल अस्पताल हुँदै मुलुक संघीयतामा आएपछि प्रादेशिक अस्पतालको रुपमा स्तरोन्नती हुँदै मधेश प्रदेश सरकारले गठन गरेको मधेश स्वास्थय विज्ञान प्रतिष्ठानको रुपमा परिणत हुँदा उनलाई निर्देशकको रुपमा नियुक्त भएपछि डा. पण्डित आगामी दिनमा प्रतिष्ठानले थप सहज रुपमा सेवा प्रदान गर्ने समेत बताउँछन् । उनले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रहेको इक्युपमेन्ट र यहाँको जस्तो सेवा सुविधा अन्य निजी क्लिनिक र नर्सिङ्ग होममा नरहेको समेत बताउँछन् । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको सन्दर्भमा केद्रित रहँदै जनकपुर टुडेकालागि **संजीवकुमार झा** संग डा. पण्डितले गरेको कुराकानीको सम्पादीत अंशः*

**प्र स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्देशक भएर तपाई आए पछि आम जनताले अपेक्षा गरेका अनुसार काम हुन सकेन् किन ?**

- म निर्देशक भएको ९ महिना हुन लाग्यो । ९ महिनाको क्रममा धेरै सेवाहरु बढेको छ । होस्पिटलको रुप रेखा धेरैनै परिवर्तन भएको पाउनु हुन्छ र त्यो जनताले पनि महसुस गरेको छ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रवेश गर्ने वितिकै पार्किङ्गको व्यवस्थापन भएको हेर्न पाउनु हुन्छ । पहिला पुरा अव्यवस्थित थियो । पार्किङ्गमा हामीले तीन प्रकारले व्यवस्थापन गरेका छौं । एउटा विरामीहरुकोलागि पार्किङ्ग छुट्टियाएको छु जुन अस्पतालको मुखमै छ, दोस्रो कर्मचारीहरुकोलागि व्यवस्थापन गरेका छौं जुन प्रतिष्ठानका कर्मचारी देखि लिएर अन्य सवै कर्मचारीहरुकोलागि छ त्यो ठूलो कुरा हो । दोस्रो हेर्नु हुन्छ भने अस्पताललाई पुरा हराभरा ग्रिण्डरी म्यान्टेन हामीले गरेका छौं, जुन पहिला थिएन् । जता ततै हरियो बोटविरुवाका साथै फूलहरु रोपेको हेर्न सक्नु हुनेछ । तेस्रो सरसफाइमा पनि हामी आमूल परिवर्तन ल्याएका छौं । तपाई आउनु भए पछि हेर्नु भएको होला वाटर लगिङ्ग देखि लिएर फोहरहरु जुन जतातते छरिएर राखिएको हुन्थ्यो त्यसलाई व्यवस्थापन गर्नकालागि ठाउँ ठाउँमा फोहर संकलन गर्ने जुन हामीले युनिक किसिमका बनाएका छौ त्यसमा व्यवस्थापन गर्ने गरेका छौ भने ठाउँ ठाउँमा डस्टविन राखेर पनि व्यवस्थापनको क्रमलाई अगाडि बढाइ रहेका छौं । खानेपानीको व्यवस्था मुखमै हेर्नु भएको होला । प्रतिष्ठानका अगाडि पुराना समानहरु त्यतिकै थुप्रेको हुन्थ्यो त्यो सवै समानहरुलाई एक ठाउँमा गरेर त्यसलाई पनि व्यवस्थित गरेका छौं । यो सव जति भयो बाहिरबाट देख्न सक्ने कामहरु भयो । भित्रको कुरा गर्नु हुन्छ भने पहिला ओपीडिमा दैनिक तीन सय देखि चार सय सम्मको हराहारीमा हुन्थ्यो तर अहिले हजार देखि १२ सय सम्म पुगेको छ । रिपोर्टहरुमा डिजिटलाइजेसन भएको छ । पहिला हामीले हातले लेखेर रिपोर्ट दिने गर्थ्यौ तर अहिले सवै कम्प्युटराइज भइ सकेको छ । टिकट काट्ने काउण्टरमै हामीले कुपनको व्यवस्था गर्‍या छौं जसले सेवा सुविधा लिनमा सहजता प्राप्त हुन्छ । भिडियो एक्सरेमा कुपनको व्यवस्था गरेका छौं । जसले गर्दा जनताले छिटो भन्दा छिटो सेवा पाओस । इन्डोर सेवामा पहिल इमर्जेन्सी एकदम्मै अव्यवस्थित थियो अहिले इमर्जेन्सीमा हामीले के गर्‍या छौं भने तीन तहमा ट्राइजको व्यवस्था गरिएको छ । ट्राइज भनेको कस्तो भो भने सिरियसनेस अनुसार विरामी छुट्ट्याउने त । विरामी जो आउँदा त्यसलाई लाग्छ म विरामी हो तर, डाक्टरले एक लेवलको स्क्रीनिङ्ग गर्छ, त्यस पछि सामान्य किसिमको हो भने त्यसलाई एक ठाउँमा राख्ने, अलिकता मिडियम खालको छ भने अर्को ठाउँमा राख्ने र धेरै सिरियस छ भने त्यसलाई त्यस्तै ठाउँमा राख्ने गरेका छौं ।

**प्र. मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रति आम जनताको धारणा राम्रो छैन् किन होला ? यसमा सुधार ल्याउनकालागि के गर्दै हुनु हुन्छ ?**

- एक दम्म राम्रो कुरा भन्नु भो तपाईले । म पनि मधेशकै मान्छे हो । विगत २०/२२ बर्ष देखि जनकपुरधाममा चिकित्सा क्षेत्रमा कार्य गर्दै आएको छु । हाम्रो एउटा निगेटिभ सोच भनेको के छ भने जसरी मैले भने नि हजार भन्दा बढी जना ओपीडिमा आउने गरेका छन् , बाहिर जति दोकान खोले पनि तिनीहरु मिलेर हजार जना विमारी पनि हेर्दैन् । यो कुरा जसले भने पनि सत्य कुरा होइन् । दोस्रो कुरा यहाँ जति इक्युपमेन्टहरु छन् बाहिरको नर्सिङ्ग होम वा क्लिनिकहरुमा छैन् । त्यहाँ तपाई हेर्नुस नत त्यहाँ डाक्टर हुन्छ बसेको तर मान्छेलाई एउटा के कन्सेप्ट भइ सकेको छ भने ठगी प्रवृति गरेर त्यसलाई झुठो भनेर जुन सेवा दिइ रहेका छौं त्यसको नाममा त्यस्तो मात्रै लागेको हो । विचौलियाहरुले त्यस्तो प्रचार गरिदिने कि यहाँको होस्पिटलमा राम्रो उपचार हुँदैन् । मैले तपाईलाई अगाडि पनि भने जव हजार वटा ओपीडि हेर्ने ठूल ठूलो संस्थामा मात्रै त्यतिको संख्यामा विरामी आउने गरेका छन् एउटा कुरा ।

दोस्रो कुरा हामी तपाई हेर्नु हुन्छ भने यहाँ इन्डोर विरामी जुन भर्नाका विरामी जुन वेला पनि आउने गरेका हुन्छ । हामीहरु तीन सय २० वटा वेड चलाई रहेका छौ । जुन वेला पनि अनुगमन गर्नुस वा हेर्नुस दुई सय देखि अढाइ सय सम्म बेड भरेको हुन्छ । त्यो सवै उपचार नपाएर बसेको हुँदैन् । वाहिर राम्रो उपचार हुन्छ भने त्यो विरामीहरु त यहाँ त्यतिकै बसेको त हुँदैन् । यहाँको अनुपातमा जनकपुरधामका सवै निजी नर्सिङ्ग होम, अस्पतालमा त्यतिको संख्यामा सवैलाई जोडेर पनि बसेको हेर्न सक्नु हुन्न । म आउनु अगाडि पाँच वटा डाइलाइसिस वेड थियो तर, अहिले अहिले २३ वटा भएको छ । म आउनु भन्दा अगाडि एचडियु युनिट )जुन आइसीयु पछिको एक स्टीक डाउन हुन्छ, आइसीयुमा राख्ने विरामी भन्दा अलिक कम सिरियस) यसको छुट्टै वार्ड थिएन हामीले छुट्टै एचडियु १२ वेडको बनाएका छौं । हाम्रो चार वटा वार्ड आइसीयु, एनआइसीयु, नर्सरी  र एचडियु हेर्नुस यो चारवटा वार्ड जुन वेला पनि तपाईलाई भनसुन गर्नु पर्छ कि मलाई त्यहाँ भर्ना गराई दिनुस । जुन वेला पनि खाली हुँदैन् । भनेको त्यो हामीमाथि विश्वास भएरनै त्यो ठाउँ खाली नभएको हो ।

तपाई हेर्नु हो भने प्रसूतिलाईनै हेर्नुस । प्रदेश भरिमा सवै भन्दा बढी प्रसूति सेवा दिने अस्पतालनै यो हो । देशकै कुरा गर्ने हो भने हामी टप थ्री भित्र पर्छौ । यहाँवाट देशभरिमै सवै भन्दा बढी प्रसूति गराउने अस्पतालहरु मध्येका तेस्रो अस्पताल हो । हामी डव्लुएचओको मापदण्ड अनुसार २० प्रतिशत भन्दा कमलाई मात्रै सिएस गर्ने गरेका छौं । डाइलेसिसको कुरा गर्ने हो भने देशभरिमै किडनी सेन्टर पछिका सवै भन्दा बढी एक्कै ठाउँमा डाइलेसिस वेड भएको एक दिनमा दुई सिफ्टमा २३ वटा डाइलेसिस गरेको एक दिनमा ४६ जना विरामीलाई हामीले डाइलेसिस सेवा दिइ रहेका छौं ।

हाम्रो तपाई न्युट्रेसन सेक्सन हेर्नु भो भने एनआरएच भनेको एकदम्म कुपोषित बच्चाहरुलाई हामीले फ्रि अफ कस्टमा हामीले त्यसलाई १० वेडको एनआरएच वेड चलाएका छौं । हाम्रो ओसीएमसी भनेको यौङ्गिक हिंसावाट आएका हरुलाई जुन सेवा दिइ रहेका छौं त्यसलाई हेर्ने हो भने त्यो पनि टप थ्रि मध्ये नै पर्छ । त्यो सवै मलाई लाग्छन् कहि न कहि जुन होस्पिटल प्रति निगेटिभ विचार गर्ने मान्छेहरुले त्यस्तो गरेको हो । म यहाँहरुको माध्ययमबाट के भन्न चाहन्छु भने अहिले पनि केही बुझ्नु छ भने यहाँका पदाधिकारी वा जिम्मेवार व्यक्तिवाट बुझ्नुस तर, पव्लिक लेवलमा यहाँ यो भएन त्यो भएन त्यो भन्दा नाकारात्मक संदेश जान्छ । पव्लिकलाई साकारत्मक सन्देश जाँदा उनीहरु यहाँवाट प्रदान गरिने सेवा सुविधाबाट लाभान्वित हुने र ठगिनबाट जोगिनेछ । हुनत हामी लिमिटेड म्यान पावरमा सेवा प्रदान गरिरहेका छौं त्यसकारण विरामीले सोचेको जस्तो मलाई आउने वितिक्कै सवै सेवा प्राप्त भइ हाल्छ बुझ्नु हुँदैन् ।



हाम्रो चार वटा वार्ड आइसीयु, एनआइसीयु, नर्सरी  र एचडियु हेर्नुस यो चारवटा वार्ड जुन वेला पनि तपाईलाई भनसुन गर्नु पर्छ कि मलाई त्यहाँ भर्ना गराई दिनुस । जुन वेला पनि खाली हुँदैन् । भनेको त्यो हामीमाथि विश्वास भएरनै त्यो ठाउँ खाली नभएको हो । तपाई हेर्नु हो भने प्रसूतिलाईनै हेर्नुस । प्रदेश भरिमा सवै भन्दा बढी प्रसूति सेवा दिने अस्पतालनै यो हो । देशकै कुरा गर्ने हो भने हामी टप थ्री भित्र पर्छौ । यहाँवाट देशभरिमै सवै भन्दा बढी प्रसूति गराउने अस्पतालहरु मध्येका तेस्रो अस्पताल हो । हामी डव्लुएचओको मापदण्ड अनुसार २० प्रतिशत भन्दा कमलाई मात्रै सिएस गर्ने गरेका छौं । डाइलेसिसको कुरा गर्ने हो भने देशभरिमै किडनी सेन्टर पछिका सवै भन्दा बढी एक्कै ठाउँमा डाइलेसिस वेड भएको एक दिनमा दुई सिफ्टमा २३ वटा डाइलेसिस गरेको एक दिनमा ४६ जना विरामीलाई हामीले डाइलेसिस सेवा दिइ रहेका छौं । हाम्रो तपाई न्युट्रेसन सेक्सन हेर्नु भो भने एनआरएच भनेको एकदम्म कुपोषित बच्चाहरुलाई हामीले फ्रि अफ कस्टमा हामीले त्यसलाई १० वेडको एनआरएच वेड चलाएका छौं । हाम्रो ओसीएमसी भनेको यौङ्गिक हिंसावाट आएका हरुलाई जुन सेवा दिइ रहेका छौं त्यसलाई हेर्ने हो भने त्यो पनि टप थ्रि मध्ये नै पर्छ ।

टिकट लिनकालागि लाइन त लाग्नु पर्छ, कर्मचारी संख्या कम र विरामी सवै भन्दा बढीलाई सेवा प्रदान गर्दै आइ रहेका छौं । सरकारी स्तरमै हेर्नु भयो भने हाम्रो तीन सय २० वेड हामी चलाई रहेका छौं, त्यसमा सरकारी नर्म्स अनुसारनै हेर्नु हुन्छ भने सात सय स्टाफ चाहिन्छ । हामी चार सय स्टाफमा सवै सेवा दिई रहेका छौं । जस्तो मोडलिरिटिको कुरा गरौं, महिनाको २५ वटा अहिले गरिरहेका छौं । दुर्विनद्वारा गरिने अप्रेसन पनि गराउन सक्नु हुनेछ । महिनामा ४० वटा अप्रेसन गर्नुपर्ने हाम्रो लक्ष्य रहेको छ । क्याटल्याक पनि हामी सुरु गरी सक्यौं जो यस्तो मेसिन हो जो हर्ट अटैक भयो भने त्यसको छिट्टै डायगनोसिस हुन्छ र त्यसको तुरुन्तै उपचार हुन्छ । ती सेवा पनि हामीले दिने गरेका छौं । क्याथलक तपाई हेर्नु हुने हो भने प्रदेश भरिमै कुनै अस्पतालमा सरकारी स्तरमा छैन् । हामी आगमी एक महिना भित्र एमआरआई सेवा सुरु गर्न लागेका छौं ।

**प्र. तर, एउटा कुरा के छ भने समान्य डिलेभरी छ भने यहाँ आउने नत्र निजी नर्सिंग होम वा अस्पतालमा जाने गरिन्छ त्यसलाई कसरी कन्ट्रोल गर्नु हुन्छ ?**

- हाम्रो रेकर्ड हेर्ने हो भने हामी महिनाको दुई सय सिजिरियन गरिरहेका छौं । भनेको त्यो ठूलो नम्वर हो । जति त्यो भने पनि त्यो सही होइन । एउटा कुरा के छ भने विरामीलाई त्यो त राइट छ नि जाहा जाने त्यसमा त हामी रोक्न सक्दैनौ त । तर, यहाँ आएकालाई जुन ट्रिटमेन्ट गर्नु पर्छ त्यसलाई हामीले गरेका छौं । एन्टिनेटल चिजै यस्तो हो जसलाई देखाई रहेको हुन्छ । विरामीलाई विश्वास त्यहि हुन्छ । यो विश्व भरिको चलन हो । तर यहाँ आउने सवैलाई सेवा दिइरहेका छौं, अव यहाँहरुको माध्ययमबाट यो भनदिनु पर्‍यो पुरानो अवस्था छैन् यहाँ सवै कम्पिनेन्ट डाक्टरहरु छन् । सव भन्दा बढी अप्रेसन गर्ने ठाउँ पनि यहि छ ।

**प्र. डा. राम नरेश पण्डित निर्देशक भएर आएपछि कति वटा अप्रेसन गर्नुभएको छ ?**

हाम्रोमा के हुन्छ भने टिम वर्क । मैले गर्ने भनेको मैलेनै चक्कु चलाएर भनेको हुँदैन् । टिम वर्क हुन्छ र एउटा हाइआरकी मेन्टन हुन्छ । हाम्रो डिपार्टमेन्टमा अहिले पीजि पनि चलि रहेको छ । पीजि भनेको मास्टर्स लेभेलको पढाई । र मेरो अण्डरमा दुईवटा विद्यार्थी पनि छ । सो मैले तीनिहरुलाई सिकाउनुपर्ने हुन्छ । त्यो विद्यार्थीहरु मेरो अण्डरमा जुन काम गरिरहेको छ म एज ए तीन किसिमले मेरो यहाँ रोल छ । एउटा त मैले डाइरेक्टरको रुपमा छु, अर्को एउटा स्त्री रोग विशेषज्ञ र अर्को प्रध्यापक पनि छु । मैले तीनवटा रोल निर्वाह गर्दा खेरी मेरो रोल कस्तो हुन्छ भने सिम्पल त्यो केसहरु गर्ने त्यो बेलामा चाहि हुँदैन् । मेरो रोल के हुन्छ भने त्यहाँ बसेर केही समस्या आइपरे भने त्यसलाई म्यानेज गर्नु हो । हामीलेनै गर्नुपर्छ भनेको छैन् ।

**प्र. विगतमा के हेरिएको थियो भने हाकीम भएपछि काम नगर्ने, नयाँ सिकारु डाक्टरहरुवाट काम गराउने परिपाटी थियो अहिले के सुधार ल्याउनु भएको छ ?**

पहिला युनिट जस्तो थिएन् । अहिले हमी तीनवटा युनिट बनाएका छौ । एउटा युनिटमा चार चारजनालई राखेका छौं ।र त्यसले कस्तो गर्छ भने एक जना त्यो युनिटको इन्चार्ज भयो त्यस पछि तीन जना चाहि मोर्निङ्ग, इभनिङ्ग र नाइट गरी डिउटी गरिरहेका हुन्छ र त्यस भन्दा माथि हामी हुन्छौं एक जना कन्सलटेन्ट हुन्छौं त्यो चाहि फष्ट अन कल र सेकेन्ड अन कल हुन्छौं । तीन थरिका भयौ एउटा अन द डिउटी फ्लोरमा हुने डाक्टर, दोस्रो चाहि फष्ट अन कल र तेस्रो भयो सेकेण्ड अन कल यसमा कस्तो हुन्छ भने त्यो जुन चार जना मैले भने तीनीहरुले हप्ताको दुई दिन र शनिवार अल्टरनेट गरेर डिउटी गर्छन् त्यस कारण त्यो अवस्था छैन् अहिले जस्तो मोर्निङ्गवलाले मोर्निङ्गमा गर्‍यो, इभनिङ्गवलाले इभनिङ्ग र नाइटवलाले नाइटको डिउटी गर्‍यो । तपाई एक्कै दिनमा हेर्नु भयो भने तीन देखि चार जना डाक्टरले अप्रेसन गरेको हेर्नु हुनेछ । उनीहरुलाई केही समस्या पर्‍यो भने फष्ट अन कल जुन दशौ तहका डाक्टर साहेव हुनु हुन्छ त्यो भने सेकेण्ड अन कलमा म आफै बस्छु । त्यस्तो अवस्था पर्‍यो भने हामी सवै जना आउनु पर्छ ।

**प्र. यस अस्पतालको सरसफाइ र जुन वार्डमा गयौं गन्हाउने गरेका हुन्छन् त्यसको सरसफाइमा कहिले देखि ध्यान दिनु हुन्छ ?**

- अहिलेको अवस्था सायद तपाईले हेर्नु भएको छैन् । एक चोटी हेर्नुस । अहिले गन्हाउने अवस्था छदैछैन् । अहिले तपाई जानु भयो भने त्यो किन गन्हाइ रहेको थियो भने मैले भने नि त्यसमा अहिले धेरै काम बाँकी छ । हाम्रो जुन ओपीडि विल्डिङ्ग र इमर्जेन्सी विल्डिङ्ग थियो त्यसको ड्रेनेजहरुको आउट लेट नै थिएन् । त्यतिकै थियो । आउटलेट नभएपछि कस्तो हुन्थ्यो भने तल ग्राण्डको जति ट्वाइलेटहरु छ त्यो सवै एक्कै दिनमा भड्ने । त्यसको कस्तो गरदिएको थियो भने त्यसको ड्रेनेज पानी पनि र त्यो ट्वाइलेटको पनि सवैको एउटै ठाउँमा जोडिदिएको थियो । सवै एक्कै ठाउँमा रहेका कारण त्यो डेली भर्ने गर्थ्यो । एक्कै छिनमा भडेपछि तलको ट्वाइलेट युजै गर्ने लायक हुँदैन्थ्यो । हामीले त्यसलाई पुरै नयाँ ड्रेनेज सिस्टम हालेर ठिक पारेका छौं तपाई अहिले त्यहाँ जानु हुन्छ भने फरक पाउनु हुनेछ ।

# भारतीय किसानद्वारा दिल्लीमा पुनः आन्दोलन सुरु

**एएफपी**

पटियाला । बालीको उच्च मागमा सरकारसँग सम्झौता गर्न असफल भएपछि ट्र्याक्टरमा सवार हजारौँ किसान बुधबार नयाँदिल्लीतर्फ जानका लागि फेरि तयार भएका छन् ।



विरोध प्रदर्शनले राजधानीमा राजमार्गहरूको वर्षभरिको घेराबन्दीलाई सफलतापूर्वक दोहोर्‍याउने आशा गरिएको छ । उक्त विरोध प्रदर्शनले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारमाथि सन् २०२१ मा आफ्नो कृषि सुधार योजनाहरूलाई त्याग्न दबाब दिएको थियो ।

प्रहरीले गत सातादेखि नै शम्भूको सानो गाउँनजिकै उनीहरूको गन्तव्यको उत्तरमा धेरै घण्टाको दूरीमा कृषि मेसिनरीमा किसानहरूको एक माइल लामो स्तम्भलाई रोकेर राखेको छ । प्रदर्शनकारीहरूले अश्रु ग्यासको ब्यारेजहरू प्रयोग गरेर उनीहरूलाई तितरबितर गर्ने प्रयासलाई विफल बनाएका छन् र उनीहरूको प्रगति रोक्नका लागि धातु स्पाइकहरू र कङ्क्रिट बेरिकेड्सको डरलाग्दो नाकाबन्दी पार गर्ने वाचा गरेका छन् । “हामी अवरोधहरू तोड्नेछौँ भन्ने तपाईंलाई आश्वासन दिन्छौँ”, ४५ वर्षीय किसान जगमोहन सिंहले एएफपीलाई भन्नुभयो, “एकपटक हामीले यो अवरोधलाई तोडेपछि दिल्लीमा मात्र रोकिनेछौँ ।”

किसान युनियनहरूले चामल, गहुँलगायत प्रमुख खाद्यान्नका लागि पहिलेदेखि नै रहेको सरकारी योजनालाई विस्तार गर्दै सबै बालीमाथि न्यूनतम मूल्य निर्धारण गर्नका लागि कानून बनाउन माग गरिरहेका छन् । उनीहरूले ६० वर्ष वा त्योभन्दा बढी उमेरका किसानका लागि ऋण मिनाहा र विश्वव्यापी पेन्सनसहित अन्य छुटको पनि माग गरेका छन् । सरकारका मन्त्रीहरू र युनियनहरूबीच वार्ताको परिणामको प्रतीक्षा गर्नका लागि प्रदर्शनकारीहरूले गत साता दिल्लीमा आफ्नो जुलुसलाई अस्थायीरूपमा रोकेका थिए । यद्यपि धेरै चरणको वार्ता कुनै नतिजामा पुग्न असफल भएको छ ।

फार्म लियर जगजीत सिंह दल्लेवालले सोमबार राति प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) लाई केही तर सबै बालीका लागि मूल्यको ग्यारेन्टी विस्तार गर्ने पछिल्लो सरकारी प्रस्ताव ‘किसानको हितमा नभएको’ बताउनुभयो । भारतको एक अर्ब ४० करोड जनसङ्ख्यामा दुई तिहाई मानिस कृषिबाट आफ्नो जीविका चलाउँछन् । यो मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब पाँच भागको एक भाग हो । यद्यपि पछिल्ला केही दशकदेखि कृषि आम्दानी धेरै हदसम्म स्थिर बनेको छ र यो क्षेत्रलाई लगानी र आधुनिकीकरणको नितान्त आवश्यकता छ ।

गरिबी, ऋण र जलवायु परिवर्तनले लगातार खराब मौसमी अवस्थाबाट प्रभावित बालीका कारण प्रत्येक वर्ष हजारौँ भारतीय किसानले आत्महत्या गर्छन् । आफ्नो विशाल सङ्ख्याका कारण किसानहरूको राजनीतिक प्रभाव छ र अप्रिलमा सुरु हुने राष्ट्रिय निर्वाचनअघि नयाँ सिराबाट विरोध प्रदर्शन हुँदैछ ।सन् २०२० नोभेम्बरमा कृषि सुधार कानूनविरुद्धको अभियानमा हजारौँ किसानले एक वर्षभन्दा लामो समयसम्म दिल्लको सडकलाई घेरेका थिए । किसानको विरोधका कारण मोदी सरकार पछि हट्नुपर्‍यो र उसले एक वर्षपछि कानूनलाई निलम्बन गर्नुपर्‍यो ।

# विश्वकप क्रिकेट लिग दुईमा नेपाल पुनः नामिबियासँग पराजित



**टुडे समाचारदाता**

काठमाण्डु । आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत नामिबिया र नेदरल्यान्ड्स सम्मिलित त्रिकोणात्मक शृंखलाको आफ्नो तेस्रो खेलमा नेपाल नामिबियासँग दुई विकेटले पराजित भएको छ ।

नेपालले जितको लागि दिएको एक सय ६९ रनको मध्यम लक्ष्य नामिबियाले ४० ओभरमा आठ विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो । नामिबियाको जितमा जेराल्ड एरास्मसले सर्वाधिक ५२ रनको योगदान दिए । उनले ५७ बल खेल्दै आठ चौका र दुई छक्काको सहायताले सर्वाधिक ५२ रनको योगदान गरेका हुन । त्यसैगरी जेजे स्मिथले अविजित ३४ रन बनाउँदा माइकल भान लिंगेनले ३१ रन बनाए । त्यस्तै रुबेन ट्रम्पलम्यानले १६ रन बनाए भने बर्नार्ड स्कोलज र निको डाभिनले समान आठ आठ रन जोडे ।

बलिङतर्फ नेपालका कुशल भुर्तेलले तीन विकेट लिए भने कप्तान रोहितकुमार पौडेल, दीपेन्द्रसिंह ऐरी, ललित राजबंशी र कुशल मल्लले समान एक एक विकेट लिए । त्यसअघि कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ३७ दशमलव १ ओभरमै सबै विकेट गुमाएर एक सय ६८ रनको योगफल बनाएको थियो । नेपालका लागि आशिफ शेखले सर्वाधिक ५८ रनको योगदान दिए। उनले ६४ बलमा आठ चौका र एक छक्काको मद्दतमा ५८ रनको योगदान दिएका हुन।

त्यस्तै कुशल मल्ल ३८, भीम सार्की २६, कुशल भुर्तेल १८ तथा करण केसीले १२ रन बनाए । त्यस्तै नेपालका कप्तान रोहित पौडेल, अनिल साह र देव खनाल रनको खाता नै नखोली आउट भए । बलिङतर्फ नामिबियाका बर्नार्ड स्कोल्ज र निकोल लोफ्टि-इटनले समान चार चार विकेट लिए भने ज्याक ब्रेसल र जेराल्ड एरास्मसले समान एक/एक विकेट लिए ।नेपालको नामिबियासँगको यो दोस्रो हार हो । यसअघि भएको पहिलो खेलमा नेपाल नामिबियासँग चार विकेटले पराजित भएको थियो । त्यसपछि नेपालले दोस्रो खेलमा नेदरल्यान्ड्समाथि ९ विकेटको जित हात पारेको थियो । यस जितसँगै नामिबियाले चार अङ्क जोडेको छ भने नेपालको दुई अङ्क छ ।

# युरोपको ग्यास माग १० वर्षको न्यूनमा

**एएफपी**

पेरिस । युक्रेनमा रुसले आक्रमण गरेपछि युरोपले आफ्नो ग्यासको मागमा २० प्रतिशतले कटौती गरेको र नवीकरणीय ऊर्जा तथा दक्षता वृद्धिका कारण तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) को माग आगामी वर्ष उच्च हुने बुधबार प्रकाशित एक अध्ययनमा उल्लेख छ ।



सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमा गरेको आक्रमणले युरोपेली मुलुकहरूले पाइपलाइनमार्फत वितरित रुसी प्राकृतिक ग्यासबाट ठूलो परिवर्तन ल्याए । यसमा उनीहरूले सीमित आपूर्तिका लागि अन्तर्राष्ट्रिय बजारहरूमा प्रतिस्पर्धा गर्दा एलएनजीको मूल्य बढ्यो ।

सीमित संख्यामा आयात टर्मिनलहरूका साथ युरोपेली मुलुकहरू उपभोगलाई नियन्त्रण गर्नका लागि उपायहरू लिन बाध्य भए तर उनीहरूले आवासीय हिटिङ वा बिजुली उत्पादनमा कटौती नगरी सन् २०२२-२०२३ को जाडोमा यसबाट पार पाए । रुसी आक्रमण सुरु भएदेखि नै मुख्यरूपमा जर्मनी, इटाली र बेलायतले चलाएको युरोपेली ग्यासको मागमा २० प्रतिशतले कमी आएको इन्स्टिच्युट फर इनर्जी इकोनमिक्स एन्ड फाइनान्सियल एनालिसिस (आइइइएफए) ले बताएको छ । यसले ऊर्जा दक्षता तथा माग व्यवस्थापन उपायहरू, मागमा उच्च मूल्यको प्रभावका साथै हल्का जाडोको तापक्रममा गिरावटलाई कम गरिदियो ।

“युरोपले ऊर्जा सङ्कटलाई सफलतापूर्वक पार गरेको छ र ग्यासको उपयोगमा अङ्कुश लगाउन स्वयंलाई तयार गरेको छ, यसको श्रेय दक्षता उपायहरू र नवीकरणीय ऊर्जा स्रोतहरूको प्रयोगलाई जान्छ”, आइइइएफएले भनेको छ ।सौर्य र वायुको थप परिचालन, घरेलु हिटिङका लागि ग्यास बोयलरबाट हिट पम्पमा स्विच र अतिरिक्त दक्षता उपायहरूको अर्थ सन् २०२५ मा एलएनजीको माग उच्च हुनेछ ।

ऊर्जा बजार र नीतिहरूसँग सम्बन्धित मुद्दाको अध्ययन गर्ने अन्तर्राष्ट्रिय समूहले सन् २०२३ मा आयात स्थिर रहेको र आगामी वर्ष माग उच्च हुने सम्भावना भए पनि एलएनजी टर्मिनल निर्माणको हतार जारी रहेको बताएको छ । सन् २०२२ फेब्रुअरीमा आठ टर्मिनल सञ्चालनको तुलनामा सन् २०३० सम्म १३ वटा टर्मिनल सञ्चालन हुने अपेक्षा गरिएको छ । आइइइएफएले दशकको अन्त्यसम्ममा आयात क्षमता एलएनजी मागभन्दा तीन गुणा हुने जोखिममा रहेको बताएको छ ।

आइइइएफएले रुसी एलएनजीले रुसी ग्यासको एक हिस्सालाई प्रतिस्थापन गरेको बताएको छ । रुसी एलएनजीलाई युरोपले पाइपलाइनमार्फत आयात गरिरहेको थियो । सन् २०२१ र सन् २०२३ को बीचमा रुसी एलएनजी आयातमा ११ प्रतिशतले वृद्धि भएको छ । यद्यपि अमेरिकाले एलएनजी आयातमा प्रभूत्व जमाएको छ । यसबाट नयाँ निर्भरता सिर्जना हुने खतरा छ ।

“एउटा स्रोतमा धेरै निर्भर गरेर ऊर्जा आपूर्तिको सुरक्षालाई जोखिममा पार्ने खतराहरू अनुभव गरिसकेपछि युरोपले आफ्ना विगतका गल्तीहरूबाट पाठ सिक्नुपर्छ र गत वर्ष आफ्नो एलएनजी आयातको करिब आधा लाभ हासिल गरेको अमेरिकामा अधिक निर्भर हुनबाट जोगिनुपर्छ”, आइइइएफएका प्रमुख युरोप विश्लेषक मारिया जाल्लर-मकारेभिचले भन्नुभयो ।

# इरान र श्रीलङ्काका विदेशमन्त्रीद्वारा द्विपक्षीय सम्बन्ध प्रवर्द्धन गर्ने इच्छा व्यक्त

**सिन्ह्वा**

तेहरान । इरानका विदेशमन्त्री होसेन अमिर-अब्दुल्लाहियान र उहाँका श्रीलङ्काली समकक्षी अली साबरीले मङ्गलबार विभिन्न क्षेत्रमा द्विपक्षीय सम्बन्धलाई थप विस्तार गर्ने इच्छा व्यक्त गर्नुभएको छ ।

इरानको विदेश मन्त्रालयको वेबसाइटमा प्रकाशित विज्ञप्तिअनुसार श्रीलङ्काको राजधानी कोलम्बोमा भएको एक बैठकमा दुवै पक्षले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मुद्दामा विचार आदानप्रदान गर्नुभयो । विदेशमन्त्री अमिर-अब्दुल्लाहियानले आफ्नो श्रीलङ्का भ्रमणले राजनीति, अर्थतन्त्र, व्यापार, पर्यटन, विज्ञान र प्रविधिलगायत सबै क्षेत्रमा सम्बन्धहरूलाई थप विस्तारका लागि आधार तयार पार्ने अपेक्षा गर्नुभयो ।



उहाँले संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय सङ्गठनका सभाहरूमा प्यालेस्टिनी जनता र गाजाको समर्थन गर्ने श्रीलङ्काको स्थितिको प्रशंसा गर्नुभयो । श्रीलङ्काली विदेशमन्त्री साबरीले दुई मुलुकबीच असल सम्बन्ध, साझा आधार र मूल्यमान्यता रहेकामा जोड दिनुभयो । उहाँले आफ्नो मुलुकले आर्थिक वृद्धिको अनुभव गरिरहेको बताउँदै श्रीलङ्काको नयाँ आर्थिक युगका क्रममा दुवै मुलुकबीचको सम्बन्ध थप विकसित हुने अपेक्षा गर्नुभयो ।

मन्त्री साबरीले इरानको आर्थिक तथा औद्योगिक क्षमताहरूको प्रशंसा गर्दै आफ्नो मुलुकमा इरानको आर्थिक परियोजनाहरू कार्यान्वयनका लागि श्रीलङ्काको तत्परता व्यक्त गर्नुभयो । अमिर-अब्दुल्लाहियान सोमबार राति कोलम्बो पुग्नुभएको हो । उहाँले मङ्गलबार श्रीलङ्काका प्रधानमन्त्री दिनेश गुणवर्धने र राष्ट्रपति रनिल विक्रमासिङ्घेसँग भेट गर्नुहुनेछ ।

# च्याम्पियन्स लिगमा अन्तिम १६ को पहिलो लेगमा इन्टर विजयी

काठमाण्डु । युरोपियन च्याम्पियन्स लिगअन्तर्गत अन्तिम १६ को पहिलो लेगको खेलमा इटालियन क्लब इन्टर मिलान विजयी भएको छ ।



इन्टरले घरेलु मैदान सान सिरोमा भएको खेलमा स्पानिस क्लब एट्लेटिको मड्रिडलाई १-० ले पराजित गरेको हो । इन्टरका लागि मार्को अर्नाउटोभिचले ७९औं मिनेटमा गोल गरे ।पहिलो लेगको जितले इन्टरले केही फाइदा पुगेको छ । यी दुईबीचको दोस्रो लेगको खेल १३ मार्चमा एट्लेटिकोको मैदानमा हुनेछ ।

यस्तै अन्तिम १६ को पहिलो लेगकै खेलमा जर्मनीको बोरुसिया डर्टमण्ड र नेदरल्याण्ड्सको पीएसभी आइन्डहोभनले १-१ को बराबरी खेलेको छ ।पीएसभी आइन्डहोभनको मैदानमा भएको खेलमा डोनयेल मालेनले २४औं मिनेटमा गोल गर्दै डर्टमण्डलाई अग्रता दिलाएका थिए । तर, ५६औं मिनेटमा पीएसभीका कप्तान लुक डे जोङले पेनाल्टीमा गोल गर्दै खेल बराबरी गरेको हो । यी दुईबीचको दोस्रो लेगको खेल १३ मार्चमा डर्टमण्डको मैदानमा हुनेछ ।

# हालान्डको गोलमा सिटी विजयी

काठमाण्डु । एर्लिङ हालान्डले गरेको एक मात्र गोल मद्दतमा म्यानचेष्टर सिटीले प्रिमियर लिगमा ब्रेन्टफोर्डलाई १-० ले पराजित गरेको छ ।यस जितपछि सिटी आर्सनललाई पछि पार्दै अंक तालिकामा दोस्रो स्थानमा उक्लेको छ ।



घरेलु मैदान एतिहाड स्टेडियममा सिटीलाई तीन अंक दिलाउन हालान्डले ७१औं मिनेटमा निर्णायक गोल गरे ।यसजितपछि सिटी २५ खेलबाट ५६ अंक जोडेर दोस्रो स्थानमा उक्लेको छ । शीर्ष स्थानको लिभरपुलभन्दा एक अंकले पछि रहेको सिटीले तेस्रो स्थानको आर्सनलमाथि १ अंकको अग्रता बनाएको छ ।

# तापक्रम घटेपछि चीनमा उच्च मौसमी चेतावनी जारी

**एएफपी**

बेइजिङ । चीनको दक्षिणी भागमा तापक्रम घटेपछि र बेइजिङमा हिउँ परेपछि बुधबार गम्भीर मौसमी चेतावनी दिइएको छ ।

अधिकारीहरूले मुलुकको त्रिस्तरीय प्रणालीमा सबैभन्दा उच्च रहेको अरेन्ज चेतावनी जारी गरेका छन् ।

यसले दक्षिणमा औसत तापक्रम शुक्रबार छदेखि १२ डिग्री सेल्सियससम्म घट्न सक्ने चेतावनी दिएको छ ।

राष्ट्रिय मौसम विज्ञान केन्द्र (एनएमसी) ले केही क्षेत्रमा तापक्रम २० डिग्री सेल्सियसभन्दा धेरैले घट्नसक्ने सामाजिक सञ्जालमा बताएको छ । सरकारी समाचार समिति सिन्ह्वाले एनएमसीले स्थानीय सरकारहरूसँग चिसो मौसमप्रति सावधानी अपनाउन आह्वान गरेको, जनतालाई न्यानोमा बस्न सल्लाह दिएको र बाली र जलीय उत्पादनको सुरक्षाका लागि आवश्यक उपाय गर्न आग्रह गरेको बताएको छ ।

बुधबार तापक्रम शून्यको नजिक रहेको बेइजिङमा रातभर हिमपात भएको छ । मानिसहरूले बिहान उठ्दा राजधानी सेतो रङले ढाकिएको देखेका थिए । सहरका राजमार्गहरूमा यातायात सुस्त भएको छ भने यात्री र साइकल चालकका लागि हिउँले भरिएका फुटपाथ जोखिमपूर्ण भएका छन् ।

नगरपालिकाका अधिकारीहरूले केही उपनगरीय क्षेत्रमा चार दशमलव एक सेन्टिमिटरसम्म हिमापात भएको बताएका छन् ।

उनीहरूले हिउँ परेका सडकहरूमा चेतावनी जारी गरेका छन् । “आफ्नो भ्रमण कम गर्नुहोस्, सार्वजनिक बस र सबवेको प्रयोग गर्नुहोस् र आफ्ना कारहरूलाई विस्तारै चलाउनुहोस्, सुरक्षामा ध्यान दिनुहोस”, सहर सरकारले मङ्गलबार साँझ अनलाइन विज्ञप्तिमा बासिन्दाहरूलाई सिफारिस गर्दै भनेको छ ।

# अन्तरिक्षमा आणविक हतियार राख्ने रुसको कुनै मनसाय छैन– पुटिन

**एपी**

मस्को । रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले अन्तरिक्षमा आणविक हतियार राख्ने मस्कोको कुनै मनसाय नरहेको मङ्गलबार घोषणा गर्नुभएको छ । उहाँले अमेरिका समान रुसले अन्तरिक्ष क्षमता विकसित गरेको दाबी गर्नुभयो ।

रुसले ‘चिन्तित तुल्याउने’ उपग्रह-विरोधी हतियार क्षमता हासिल गरेको ह्वाइट हाउसको गत साताको पुष्टिपछि पुटिनको उक्त भनाइ आएको हो । यद्यपि अहिलेसम्म यस्तो प्रकारको कुनै पनि हतियार सञ्चालनमा छैन ।

ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा प्रवक्ता जोन किर्बीले यो अन्तर्राष्ट्रिय बाह्य अन्तरिक्ष सन्धिको उल्लङ्घन हुने बताउनुभयो । यद्यपि उहाँले हतियार आणविक-सक्षम हो कि होइन भन्नेबारे टिप्पणी गर्न अस्वीकार गर्नुभयो । रुससहित एक सय ३० भन्दा बढी देशले हस्ताक्षर गरेको सन्धिले अन्तरिक्ष कक्षमा ‘आणविक हतियार वा कुनै पनि अन्य प्रकारका सामूहिक विनाशका हतियार’ तैनाथ गर्न वा ‘कुनै अन्य तरिकाले बाहिरी अन्तरिक्षमा हतियार राख्न’ निषेध गर्दछ । ह्वाइट हाउसले चिन्ताहरूबारे रुसीहरूसँग सिधै कुराकानी गर्ने बताएको छ ।

“हाम्रो स्थिति बिल्कुल स्पष्ट र पारदर्शी छ : हामी सधैँ अन्तरिक्षमा आणविक हतियारको तैनाथीको स्पष्टरूपमा विरोध गर्दै आएका छौं र गरिरहने छौँ”, पुटिनले भन्नुभयो, “यसको ठिक विपरीत, हामी सबैसँग यस क्षेत्रमा अवस्थित सबै सम्झौतालाई पालना गर्न आग्रह गरिरहेका छौँ ।”आफ्ना रक्षमन्त्री सर्गेई शोइगुसँगको एक बैठकका क्रममा पुटिनले भन्नुभयो, “रुसले त्यही मात्र अन्तरिक्ष क्षमता विकसित गरेको छ जुन अमेरिकासहित अन्य मुलुकसँग छ, र उनीहरूलाई यो थाहा छ ।”

शोइगुले भन्नुभयो, “हामीले उपग्रहहरूविरुद्ध प्रयोग गर्न वा यस्तो क्षेत्र बनाउनका लागि उपग्रहले कुशलतापूर्वक काम गर्न नसक्ने गरी अन्तरिक्षमा कुनै आणविक हतियार वा त्यसको कुनै पनि तत्वलाई तैनाथ गरेका छैनौं ।”रक्षामन्त्री शोइगुले ह्वाइट हाउसमाथि युक्रेनलाई सहायताका लागि समर्थन गर्न कांग्रेसलाई बाध्य बनाउन र रुसले युक्रेनलाई लिएर अमेरिकासँगको तनावका बीचमा स्थगित गरेको आणविक हतियार नियन्त्रण वार्तामा पुनः सामेल हुन मस्कोलाई प्रोत्साहित गर्नका लागि गरेको हुनुपर्ने आरोप लगाउनुभएको छ ।

राष्ट्रपति पुटिनले अमेरिकासँग सम्भावित सम्पर्कहरूलाई अस्वीकार गर्नुभएन तर युक्रेनमा रुसको पराजयका लागि वासिङ्टनको दबाबले आफूहरूलाई असम्भव बनाएको आफ्नो धारणालाई पुष्टि गर्नुभयो । “अमेरिका र पश्चिमले एउटा कुराका लागि रुसको रणनीतिक पराजयको आह्वान गरिरहेका छन् भने दोस्रोतर्फ चिजहरू जोडिएका छैनन भन्ने बहाना गर्दै उनीहरू रणनीतिक स्थिरतामा कुराकानी गर्न चाहन्छन्”, उहाँले भन्नुभयो, “यसले काम गर्दैन ।”

# ‘सिजन’ नभए पनि मुस्ताङका स्याउ बजारमा

**टुडे समाचारदाता**

म्याग्दी । मुस्ताङका किसानले चिस्यान केन्द्रमा भण्डारण गरेर बेसिजन पनि स्याउ बेच्न थालेका छन् । स्याउको याममा व्यापारीले भनेको मूल्यमा बेच्नुपर्ने र बढी मूल्य पार्न बेसिजनमा बिक्रीका लागि चिस्यान केन्द्र बनाएर स्याउ भण्डारण गरेका थिए । चिस्यान केन्द्रमा भण्डारण गर्ने सुविधा भएपछि लामो समय खुला ठाउँमा भण्डारण गरेर राख्दा स्याउ कुहिएर क्षति व्यहोर्नुपर्ने समस्या हटेको किसानहरूले बताएका छन् ।



घरपभ्mोङ गाउँपालिका-२ मार्फाका विश्व लालचनले बेसिजनमा बिक्री गर्न आठ हजार किलो स्याउ चिस्यान केन्द्रमा भण्डारण गरेको बताए । “असोज-कात्तिकमा व्यापारीले जति भन्यो त्यति मूल्यमा स्याउ बेच्नुपर्छ”, किसान लालचनले भने, “चिस्यान केन्द्रमा कात्तिकमा राखेको स्याउ बेसिजनमा बिक्री गर्न थालेका छौँ ।”

“गुणस्तर, आकार र तौलमा कुनै फरक छैन”, चिसो घटेर मुस्ताङमा पर्यटक आगमन हुन थालेसँगै स्याउ बेच्न थालिएको हो । केही वर्षअघिसम्म चिस्यान केन्द्रको सुविधा नहुँदा मुस्ताङका किसानले घरको कोठा, चिसो ठाउँमा स्याउ भण्डारण गर्दै आएका थिए । त्यसरी राख्दा तापक्रम नमिलेर कुहिने गरेको थियो । बिक्री नहुने स्याउ घोडा, खच्चर, गाईगोरुलाई खुवाउने गरेका थिए । चिस्यान केन्द्रमा भण्डारणको सुविधा भएपछि किसानले भनेको मूल्य र बजार दुवै पाउन सहज भएको मार्फाका किसान राजु लालचनले बताए । “पहिले बोटबाट टिपेको स्याउ आफ्नै तरिकाले भण्डारण गरेर राख्दा ७० प्रतिशतभन्दा बढी कुहिएर फाल्नुपर्ने समस्या थियो”, उनले भने, “सिजनमा प्रतिकिलो रु ९० देखि एक सय पर्ने स्याउ चिस्यान गृहमा राख्दा बेसिजनमा प्रतिकिलो रु एक सय ८० देखि दुई सय सम्ममा बिक्री हुने गरेको छ ।”

राजु र विश्वले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन कार्यक्रमको ८५ प्रतिशत अनुदानमा १०-१० मेट्रिक टन क्षमताको चिस्यान गृह बनाएका थिए । परियोजनामार्फत मुस्ताङमा पाँचवटा चिस्यान गृह निर्माण भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका निमित्त प्रमुख नेत्र भट्टले बताए । “वातावरण अनुकूल बनाउने उपकरण जडान भएको चिस्यान गृहमा भण्डारण गर्दा बजार नपाउने समस्या हट्नुका साथै बढी मूल्यमा बिक्री गर्न पाएका छन्”, उनले भने, “मुस्ताङमा प्रभावकारी भएकाले चिस्यान गृहको माग बढी छ ।” उनका अनुसार परियोजनाको सहयोगमा निर्माण भएको चिस्यानगृहमा यसपालि पाँच हजार किलो स्याउ भण्डारण गरेर राखिएको छ ।

मुस्ताङको एक हजार चार सय ७५ हेक्टर क्षेत्रफलमा स्याउखेती भएकामा पाँच सय ८० हेक्टर क्षेत्रफलमा लगाइएको स्याउ बोटले उत्पादन दिने गरेको छ । स्याउ जोन मुस्ताङका प्रमुख भट्टले जिल्लाभर चार हजार नौ सय ७५ मेट्रिक टन स्याउ उत्पादन भएकोमध्ये रु ४९ करोड मूल्यबराबरको चार हजार चार सय ७७ दशमलव पाँच मेट्रिक टन स्याउ देशका विभिन्न ठाउँमा निकासी भएको बताए । स्याउ मुस्ताङबाट निकासी हुने प्रमुख कृषि उपज हो ।

म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौँलगायतका सहरका व्यापारी बगैँचामा नपाक्दै अग्रिम पैसा दिएर ठेक्कामा स्याउ खरिद गर्छन् । मुस्ताङ घुम्न आउने पर्यटकले पनि कोसेलीका रूपमा स्याउ किनेर लैजाने गर्छन् । मुस्ताङमा ‘रेडडेलिसिएस, रोयल डेलिसिएस, रिचारेड डेलिसिएस र गोल्डेन डेलिसिएस’ जातका स्याउखेती भएको छ । सडक यातायातको सुविधासँगै सहज बजार र राम्रो मूल्य पाउन थालेपछि मुस्ताङका किसान स्याउखेतीमा आकर्षित भएका छन् । कृषि ज्ञान केन्द्र कार्यालय मुस्ताङका अनुसार गत वर्षसम्म कुल एक हजार चार सय ७५ हेक्टर जमिनमा स्याउखेती भएको थियो ।

यस वर्ष २० हेक्टर क्षेत्रफलमा स्याउखेती विस्तार भएको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले बताए । कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन र स्थानीय तहको कृषि शाखाले अनुदानमा स्याउका बिरुवा वितरण, सिँचाइ, चिस्यानगृह निर्माणलगायत काममा किसानलाई सहयोग गर्दै आएका छन् ।

# अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी सुरु



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान नक्सालमा नेपाल र जर्मनीका कलाकारले तयार पारेका चित्रकलाको अन्तरराष्ट्रिय कला प्रदर्शनी सुरु भएको छ । प्रतिष्ठानमा गएको माघ २२ र २३ गते आयोजित ‘अन्तर्राष्ट्रिय कला कार्यशाला २०२४’बाट सिर्जित कलाकृतिको साताव्यापी प्रदर्शनी सुरु भएको हो । प्रदर्शनी यही फागुन १४ गतेसम्म रहने छ ।

‘कनेक्टिङ कल्चर थ्रु आर्टस’ शीर्षकमा सुरु भएको प्रदर्शनीमा नेपाल र जर्मनीका ४३ कलाकारको सिर्जना समावेश गरिएको छ । जसमा १० जना विदेशी कलाकार सहभागी भएका छन् ।

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले यस कार्यक्रमले नेपाल र जर्मनीबीचको सम्बन्ध अझ प्रगाढ बढाउने बताए । उनले भने, “हामी जर्मनी नपुगे पनि यस्ता कार्यक्रमको माध्यमबाट अर्को देशको कला र संस्कृतिलाई बुझ्ने मौका मिलेको छ, हाम्रो कला संस्कृति जर्मनीका कलाकारले बुझ्ने मौका पाए, यसले संस्कृति र कलाको सम्बन्धलाई थप बलियो बनाउँछ ।”

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य सञ्जय वान्तवा राईले दुई देशबीचको सम्बन्धलाई बलियो बनाउन आयोजित कला कार्यशाला र प्रदर्शनी लक्षित उद्देश्य प्राप्त गर्न सफल भएको बताए । सो क्रममा जर्मनी कलाकार एलेक्जेन्डर इलाइजर, डिर्क निबेर्गल र एलेक्जेन्डर बिसी बोटेनबर्जले नेपाली कला कार्यलाला र प्रदर्शनीमा सहभागी भई यहाँको कला संस्कृति बुझ्न पाएकामा खुसी व्यक्त गरे ।प्रदर्शनीमा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली, उपकुलपति लालकाजी लामा, सदस्यसचिव देवेन्द्रकुमार काफ्ले ‘थुम्केली’, तथा प्राज्ञ परिषद सदस्यहरु पाल्साङ्मो लामा, प्रदीप अधिकारी, सौरगङ्गा दर्शनधारी, दिनेश्वर महतो, सञ्जय वान्तवा, अरुणा हिडमाडसहितका ३३ नेपाली कलाकारका सिर्जना समावेश छन् ।

यस्तै जर्मनीका १० जना कलाकारका सिर्जना समेत प्रदर्शनीमा रहेका छन् । जर्मनीका कलाकार नेपाल कला आदानप्रदान कार्यक्रमका सिलसिलामा नेपाल आउनुभएको हो । प्रदर्शनीको मङ्गलबार साँझ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरी, नेपालका लागि इजरायलका राजदूत हनन गोदार र जर्मनीका राजदूत डा थोम्स प्रिन्जले अवलोकन गरे ।

अवलोकनका क्रममा राज्यमन्त्री सिर्पालीले यस्ता खालका चित्रकला कार्यशाला र प्रदर्शनीले संस्कृति आदानप्रदानमा सहयोग पुग्ने र पर्यटन विकास हुने विश्वास व्यक्त गरे । उनले नेपाल जर्मनबीच मित्रता कायम राख्न पनि कला प्रदर्शनी फलदायी हुने बताए । उनले कला र संस्कृतिले जनस्तरसम्मको सम्बन्धलाई मजबुत बनाउने भएकाले कला र संस्कृतिसँग सम्बन्धित कार्यक्रम निरन्तर अघि बढाउनुपर्नेमा जोड दिए ।

# उत्पादन र संस्कृति प्रवर्द्धनका लागि ‘एक्स्पो’



**टुडे समाचारदाता**

भेरीगङ्गा । कर्णालीको पर्यटन प्रवर्द्धन, औद्योगिक विकास र कला संस्कतिको जगेर्ना गर्ने उद्देश्यका साथ यही फागुन १४ देखि २२ गतेसम्म कर्णाली एक्सपो हुनेभएको छ ।

महोत्सव अवधिभर प्याराग्लाइडिङदेखि घोडा सवारसम्मका गतिविधि हुने आयोजक सुर्खेत उद्योग वाणिज्य सङ्घले जनाएको छ । फिनिकाँडाबाट वीरेन्द्रनगरसम्म प्याराग्लाइडिङ गर्न सकिने भन्दै आयोजक सुर्खेत उद्योग वाणिज्य सङ्घका महासचिव भद्र भण्डारीले अन्य बेला लाग्ने शुल्कभन्दा रु पाँच सय छुट हुने जानकारी दिए ।

पर्यटन प्रवर्द्धन गर्न कर्णालीका विभिन्न पर्यटकीय क्षेत्रमा घुमाउने व्यवस्था गरिएको उनले जानकारी दिए । उनले भने, “भिजिट कर्णाली प्रालिसँगको सहकार्यमा विशेष छुटमा कर्णालीका विभिन्न ठाउँमा घुम्न चाहने व्यक्तिलाई आरामदायी यात्राका साथ भ्रमण गराउने व्यवस्था गरिएको छ, यसले हाम्रो कर्णालीका पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा सघाउ पुग्ने अपेक्षा गरेका छौँ ।”

त्यसैगरी महोत्सवको मुख्यद्वारमा देउती बज्यैको मन्दिर झल्किने मूर्ति रहने छ भने मुख्यद्वारभन्दा भित्र काँक्रेबिहारको मुख्य मन्दिर र कर्णालीका पर्यटकीयस्थलको हातले बनाएको तस्बिर राखिने जनाइएको छ । महोत्सवमा खानाका विविध परिकार पनि पस्किने गरी स्वच्छ, सफा होटल, कृषि र घरेलु उद्योगले उत्पादन गरेका वस्तुको प्रदर्शनी तथा बिक्रीकक्ष राखिने जनाइएको छ ।

विद्यालयस्तरीय मौलिक नाच, लोकदोहोरीसँगै कर्णालीका देउडा, टप्पा, सिङ्गारुलगायत विभिन्न जातजातिका मौलिक कला, संस्कृतिका प्रतियोगिता पनि आयोजना गरिने महासचिव भण्डारीले बताए । जुम्ला, हुम्लामा गाइने देउडा, सल्ल्यान, रुकुमको टप्पा, सिङ्गारु, हुड्के नाच, मगर गुरुङ र थारू समुदायका कला प्रदर्शन गरिनेछ ।

# कृषि महोत्सवमा छ करोडको कारोबार

**टुडे समाचारदाता**

काभ्रेपलाञ्चोक । काभ्रेपलाञ्चोकको बनेपामा यही फागुन पहिलो साता आयोजित काभ्रेपलाञ्चोक बृहत् कृषि महोत्सवमा रु छ करोड बराबरको कारोबार भएको आयोजकले जनाएको छ मूल आयोजक एवं संयोजकत्व गरेको जिल्ला समन्वय समितिको समन्वयमा यही फागुन ४ देखि ७ गतेसम्म बनेपामा सञ्चालित महोत्सवमा एक लाख ५० हजारले अवलोकन गरेको जनाइएको छ ।




जिल्लामा उत्पादित कृषि तथा पशुजन्य उपजको प्रर्दशनी तथा बजारीकरण तथा कृषकको आर्थिक अवस्थामा सुधार ल्याउने, कृषिका नयाँ प्रविधिबारे जानकारी प्रदान गर्नुका साथै कृषि पेसामा लाग्नका लागि नागरिकलाई उत्प्रेरित गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो ।

समितिका प्रमुख दीपक गौतमद्वारा जारी विज्ञप्तिमा कृषिजन्य उपजहरुको बिक्री-वितरण रु दुई करोड, यन्त्र, औजार, उपकरणको बिक्री तथा अर्डरसमेत गरी रु दुई करोड, होटल व्यवसाय तथा रैथाने परिकारतर्फ रु एक करोड ५० लाख र अन्य सहयोगी क्षेत्र र गैरकृषितर्फ रु ५० लाख कारोबार भएको उल्लेख गरिएको छ । महोत्सवमा कृषि प्रविधि, रैथाने बाली, खाद्यान्न, बीउ, ताजा तरकारी, दुग्धजन्य उत्पादन, लप्सी-क्यान्डी, लोकल धान, कफी, फापर पिठो, प्राङ्गारिक प्रमाणित कृषि उपज, बुद्धचित्त माला, धानको उन्नत बीउ, मौरी गोला, हस्तकला, एभोकाडो, सिताके च्याउ, कालिज, लोकल कुखुरा, पनिर, खुवा, लोकल चामल, घीउ, कोल्ड च्याम्बर प्रविधिलगायत सामग्रीका एक सय ५३ प्रदर्शनी कक्ष राखिएका थिए ।

गत शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरेको महोत्सवमा काभ्रेपलाञ्चोकका तीन तथा सिन्धुपाल्चोकका तीन किसानलाई ‘राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार’बाट सम्मानित गरिएको थियो भने राष्ट्रिय-अन्तरराष्ट्रियस्तरका विषय विज्ञबाट विभिन्न विषयमा सेमिनार तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

यस्तै कृषिको आधारभूमिमा रही विद्यालयस्तरीय प्रतियोगितात्मक चित्रकला प्रदर्शनी गरी उत्कृष्ट विद्यार्थी एवं विद्यालयलाई सम्मान, रक्तदान, स्वास्थ्य शिविर सञ्चालन तथा स्थलगतरुपमा माटो परीक्षण सेवा बाली उपचार सेवाबाट किसानलाई स्थलगतरुपमा नै प्राविधिक सेवा उपलब्ध गराइएको थियो ।

त्यस्तै कृषि उपजको प्रदर्शनी एवं कारोबारसहितका आधारमा कृषि उपज, बाली, वस्तु, प्रविधिसम्बन्धी २० कृषक समूह, सहकारी, कम्पनी, फार्मलाई सम्मान, हरेक दिन साँझ आयोजना राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति पनि थियो ।

# माटोमा शिल्प भरेर जीविका चलाउदै

**टुडे समाचारदाता**

कञ्चनपुर । माटोका भाँडाकुँडा बनाएर शुक्लाफाँटा नगरपालिका-१२ कालागौँडीका वीरपाल कुमालका तीन पुस्ता बितेका छन् । भारतबाट बसाइँ सरेर वीरपालका बाजे भीमपाल माटोका भाँडाकुँडा बनाउन सात दशकअघि यता आएका हुन् । बाजेले गर्दै आएको काम उनका बुबा चिरौँजीलालले पनि निरन्तरता दिए । अहिले त्यही काम वीरपालले सम्हाल्दै आएका छन् ।



वर्षौंदेखि यहाँ बस्दै आएका उनीसँग चार कठ्ठा चार धुर जग्गाको २०२५ मा उपलब्ध गराइएको जग्गाधनी प्रमाणपत्र पनि छ । त्यो जग्गा निकुञ्ज विस्तारित क्षेत्रमा पर्दा उनले सट्टाभर्ना पाउन भने सकेका छैनन् । तत्कालीन पिपलाडी गाउँपालिकाको भत्तपुरीमा रहेको जग्गाको उनले सट्टाभर्ना नपाएको हो । “देशमा त्यसबेला सङ्कटकाल लागेको हुँदा विस्थापित हुनुपर्यो”, उनले भने, “जग्गाधनी प्रमाणपत्र भए पनि जग्गा पाउन सकिएको छैन ।”

नेपालमै उनको जन्म भयो, यहाँ तीन पुस्ता बित्यो । नेपाली नागरिकताका लागि पहल गरे पनि त्यो भने पाउन नसकिएको उनले बताए । कञ्चनपुर जिल्लामा उनी एक्ला माटोका भाँडाकुँडा बनाउने व्यक्तिका रूपमा चिनिन्छन् । तत्कालीन शुक्लाफाँटा वन्यजन्तु आरक्षको विस्तारित क्षेत्र भत्तपुरीबाट विस्थापनमा परेपछि वीरपालले भाडामा जग्गा लिएर माटोका भाँडा बनाउँदै आउनुभएको छ । उनी विभिन्न ढाँचामा आकर्षक गमला, लोटा, करुवा, घैँटो, गोलक बनाउछन् । कम्तीमा रु १५ देखि बढीमा रु दुई सय ५० मा उनले बनाएका भाँडाकुँडाको किन्न पाइन्छ । यद्यपि ती वस्तुको मूल्य बजारमा फरक छ ।

वार्षिक रु चार लाख कमाइ हुने उनी बताउछन् । माटो, दाउरा, जग्गाको भाडा, कामदारको ज्यालामा रु दुई लाख ५० हजार जति खर्च हुने गरेको छ । बचेको रकमले घरखर्च चल्ने गरेको उनले बताए । “परिवारको लत्ताकपडादेखि राशनपानीमै काम गरेर कमाएको रकम खर्च हुन्छ”, उनले भने, “बिरामी परे अरुसँग सापटी लिनुपर्दछ ।” व्यवसाय दर्ता गरेर उनले काम गर्दै आउनुभएको छ । तर अन्य भारतीयले भारतबाटै भाँडाकुँडा ल्याएर सस्तोमा बिक्री गर्दा उनको व्यवसाय सङ्कटमा परेको छ ।

“अवैधरूपमा बजार क्षेत्रमा भारतीयले माटोका भाँडाकुँडा खुला सीमानाका हुँदै राजस्व नतिरेर भित्र्याउने गरेका छन्”, उनले भने, “मैरै नाम लिएर बेच्छन्, वडा कार्यालय र प्रहरीलाई यसबारे खबर गर्दा पनि अवैध कारोबार नरोकिँदा व्यवसाय बन्द गर्नुपर्ने अवस्थामा पुगेको छ, परिवारको रोजीरोटी खोसिन थालेको छ ।”

# माग घटेपछि ‘डेरी’ सञ्चालनमा समस्या

**टुडे समाचारदाता**

दमक । झापामा दूध तथा दुग्धजन्य सामग्री उत्पादन एवं बिक्री (डेरी सञ्चालन) गर्दै आएकाहरूले स्वदेशमा उत्पादन भएको धुलो दूधको माग घटेपछि व्यवसाय सञ्चालनमा समस्या भएको गुनासो गरेका छन् । स्थानीय किसानले उत्पादन गर्दै आएको गाईभैँसीको दूध सङ्कलन गरी बजारीकरण गर्दै आएका साना तथा मझौला डेरी व्यवसायीले किसानलाई भुक्तानी दिननसक्ने अवस्थामा आफूहरू पुगेको दुखेसो पनि गरेका छन् ।

विगत चार वर्षअघिदेखि झापाको दमक-१० सेतुमारीमा डेरी सञ्चालन गर्दै आएका व्यवसायी विदुर भण्डारीले पछिल्ला केही दिनयता डेरी व्यवसायीले स्थानीयस्तरमा सङ्कलन गरेको दूधको भुक्तानी किसानलाई दिन कठिन भएको बताए । उनको डेरीले आबद्ध दुई सय साना किसानबाट गाईभैँसीको पाँच सय लिटर दूध दैनिक सङ्कलन गर्दै आएको छ तर बजारबाट भुक्तानी नहुँदा समस्या भएको व्यवसायी भण्डारीले बताए । उनका अनुसार डेरीमा सङ्कलन भएको दूध दमक बजारका साथै पोखराको सुजल डेरीले खरिद गर्दै आएको छ । तर केही दिनयता उक्त डेरीले बजारमा धुलो दूध बिक्री गर्न नसकेको भन्दै भुक्तानी नदिएपछि किसानलाई पशुआहाराको रूपमा प्रयोग गर्दै आएको दाना, चोकरसमेत दिन नसक्ने अवस्थामा डेरी सञ्चालक पुगेका छन् ।

केही समय अघिमात्र दूधको मूल्यमा केही वृद्धि हुँदा निकै उत्साहित देखिएका किसान अहिले समयमा नै दूधको भुक्तानी पाउन नसक्दा निराश हुनुपरेको दमक-१० का गाईपालक किसान नवराज न्यौपानेले बताए । दुग्ध डेरी अहिले दूधका साथै दही, घिउ, पनिरलगायत दुग्धजन्य वस्तु उत्पादन तथा बिक्री गर्दै आएको छ । नेपाली बजारमा भारतीय उत्पादनले निकै प्रभाव जमाउँदै आइरहेको समयमा दूधको बजारमा पनि समस्या आएको व्यवसायीहरू बताउँछन् । भारतीय उत्पादनको लागत मूल्य कम हुनु र नेपाली उत्पादनको लागत मूल्य बढी भएकाले दूधको बजारमा समस्या भएको उनीहरूको बुझाइ छ ।

## धितो लिलामी गर्ने बारे ७ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८०/११/१० गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले **लहान** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०७९/०४/०३ गते अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना, मिति २०७९/०६/१३ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितामा रहेको सम्पति लिलामी बिक्रि गर्ने बारे ३५ दिने सार्वजनिक सुचना र मिति २०७९/०८/०९ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ती लिलाम बिक्री गर्ने बारे १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि ७ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री शिवं बचत तथा ऋण सहकारी संस्था लि.। रजिष्टर्ड ठेगाना : सुखिपुर २, सिरहा ।**
**हालको ठेगाना: सुखिपुर २, सिरहा दर्ता नं: : ३५८/०७१/०७२**

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री वत्हु यादवको नातिनी श्री बन्दु यादवको छोरी सिरहा जिल्ला विधानगर ३ बस्ने **श्री चन्दर देवी यादव**को नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला विधानगर गा.वि.स. वडा नं. ३क को कित्ता नं. ११४, ३१२५ को क्षेत्रफल ०-६-२, ०-२-३-५ जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
२. श्री रुपलाल यादवको नाति श्री सर्युग यादवको छोरा सिरहा जिल्ला विधानगर ५ बस्ने **श्री रामपृत यादव**को नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला विधानगर गा.वि.स. वडा नं. ९ को कित्ता नं. ४९९ को क्षेत्रफल ०-२-१ जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
३. श्री पन्ची यादवको नाति श्री महगु यादवको छोरा सिरहा जिल्ला तुलसीपुर ५ बस्ने **श्री योगेन्द्र प्रसाद यादव**को नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला विधानगर गा.वि.स. वडा नं. ७ को कित्ता नं. ३०७५, ३२८, ३४३, ३३१ को क्षेत्रफल ०-६-१.७५, ०-१-८, ०-१-६, ०-०-६ जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
४. श्री बौएलाल साहको बुहारी श्री राम चलितर साहुको छोरी सिरहा जिल्ला बस्तीपुर ४ बस्ने **श्री बबिता कुमारी तेलीन**को नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला नैनपुर गा.वि.स. वडा नं. ९क को कित्ता नं. १७९४ को क्षेत्रफल ०-६-० जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
५. श्री महगु यादवको नाति श्री शिवनन्दन यादवको छोरा सिरहा जिल्ला तुलसीपुर ५ बस्ने **श्री अशोक कुमार यादव**को नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला विधानगर गा.वि.स. वडा नं. ७ को कित्ता नं. ३००४, ३००६ को क्षेत्रफल ०-१-७, ०-०-१३ र सिरहा जिल्ला तुलसीपुर गा.वि.स. वडा नं. ४ को कित्ता नं. ३००५ को क्षेत्रफल ०-३-० जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
६. श्री पन्चीको नाती श्री महगु यादवको छोरा सिरहा जिल्ला विधानगर ६ बस्ने **श्री शिवनन्दन यादव**को नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला विधानगर गा.वि.स. वडा नं. ७ को कित्ता नं. ११४, ३४४, ३१७, ३३८ को क्षेत्रफल ०-१-१०, ०-०-१४, ०-४-८, ०-१-१४ जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
७. श्री रामजी यादवको नाती श्री विलट यादवको छोरा सिरहा जिल्ला विधानगर ६ बस्ने **श्री रामदेव यादव**को नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला विधानगर गा.वि.स. वडा नं. ८ को कित्ता नं. ५१२ को क्षेत्रफल ०-६-१७ जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
८. श्री महगु यादवको नाती श्री योगेन्द्र प्रसाद यादवको छोरा सिरहा जिल्ला तुलसीपुर ५ बस्ने **श्री जीवछ यादव**को नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला विधानगर गा.वि.स. वडा नं. ७ को कित्ता नं. २८४ को क्षेत्रफल ०-४-० र सिरहा जिल्ला तुल्सीपुर गा.वि.स. वडा नं. ४ को कित्ता नं. ३००७ को क्षेत्रफल ०-३-० जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
९. श्री योगेन्द्र प्रसाद यादवको बुहारी श्री संजीत कुमार यादवको श्रीमती सिरहा जिल्ला औरही २ बस्ने **श्री पुजा कुमारी यादव**को नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला तुल्सीपुर गा.वि.स. वडा नं. ४ को कित्ता नं. १३० को क्षेत्रफल ०-३-१८-० जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
१०. श्री उतिमलाल यादवको नातीनी श्री रतिचन यादवको छोरी सिरहा जिल्ला कविलासी २ बस्ने **श्री केसैर देवी यादव**को नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला सुखिपुर वडा नं. ८ क को कित्ता नं. ३५२६ को क्षेत्रफल ०-१-२-२ जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।
११. श्री रामजी यादवको नाती श्री विलट यादवको छोरा सिरहा जिल्ला विधानगर ६ बस्ने **श्री सहदेव यादव**को नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला विधानगर वडा नं. ५ को कित्ता नं. ३१६८ को क्षेत्रफल ०-२-० जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**

(१) बोलपत्र फारम यस बैंकको शाखा कार्यालय न्युरोड र केन्द्रीय कार्यालय बाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) प्राप्त बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले ८ औं दिन दिउसो ३:०० बजे खोलिनेछ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट उल्लेखित समयमा खोलिन्छ ।
(३) धितो लिलाम सम्बन्धि शर्तहरु वोलपत्र फारम तथा मिति २०७९/०४/०३ गते अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचनामा उल्लेख भए बमोजिम हुनेछ । साथै फारममा उल्लेख भएका बोलपत्र सम्बन्धि शर्तहरु यसै सुचनाका अभिन्न अंग हुनेछन् ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

# हरिपूर्वामा शिक्षक र कर्मचारीको धर्ना



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपूर्वा नगरपालिकामा शिक्षक र कर्मचारीले तलब नपाएको भन्दै धर्नामा बसेका छन् । गएको साउनदेखि नपाएको तलब अझै प्राप्त गर्ने आधार नरहेको भन्दै शिक्षक कर्मचारीले धर्नाको कार्यक्रम जारी राखेका छन् । तलब माग गर्दै नगरपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाका कर्मचारी माघ २८ गतेदेखि कार्यालय बन्द गरेर तथा शिक्षकहरू फागुन ६ गतेदेखि विद्यालय बन्द गरेर धर्नामा बसेका छन् ।

नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थासहित कार्यालय बन्द हुँदा सेवाग्राही सेवा ठप्प भएर मारमा परेका छन् । नगरभित्रका १६ वटै सामुदायिक विद्यालय बन्द हुँदा एसइईको तयारीमा रहेकासहित पाँच हजार विद्यार्थी पठनपाठनबाट वञ्चित भएका छन् ।

नगरप्रमुख विनोदकुमार साह तेलीले बहुमत नगर सभा सदस्यबाट पारित गरेर बजेट ल्याइएपनि कोष तथा लेखा नियन्त्रक कार्यालयमा कार्यालय प्रमुख नभएर खाता नखुल्दा तलब, भत्ता निकासामा समस्या परेको बताए । "हामीले नगर सभाबाट बजेट त पास गऱ्यो तर तलब, भत्ता खुवाउन कोलेनिकामा खाता खोल्नुपर्ने हुन्छ," नगरप्रमुख साहले भने, "कोलेनिकामा कार्यालय प्रमुख नै नभएर काम हुन सकिरहेको छैन ।"

अब झुटो आश्वासन दिएर शिक्षक, कर्मचारीले नमान्ने भएकाले तत्काल खाता सञ्चालनका लागि पहल गरिदिन प्रमुख जिल्ला अधिकारी र मन्त्रालयमा समेत आग्रह गरेको नगरप्रमुख साहले बताए । आफ्नो पालिकाका प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) शम्भुप्रसाद यादवलाई यहाँबाट अन्यत्र सरुवा गरिसकिएको भए पनि मन्त्रालयले अर्को प्रमुख प्रशासकीय अधिकृत नपठाएसम्म यादवलाई रमाना दिएर नपठाउने नगरप्रमुख साहको भनाइ छ ।

उनले प्रमुख प्रशासकीय अधिकृत यादवलाई रमाना दिन दबाब दिएर नगरपालिकालाई बन्धक बनाउने षडयन्त्र भइरहेको गुनासो गरे । सर्लाहीका प्रमुख कोष नियन्त्रक निर्मल न्यौपानेको केही दिनअघि मात्रै सरुवा भएको छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालयका निमित्त प्रमुख एवम् कोष नियन्त्रक पुरुषोत्तम बरालले नयाँ कार्यालय प्रमुख नआउन्जेल स्थानीय तहको खाता सञ्चालन तथा निकासा नहुने बताए । "मलाई कार्यालयको नियमित काम हेर्ने जिम्मेवारी मात्रै प्राप्त छ, पालिकाको खाता खोल्ने तथा बजेट निकासा गर्ने अधिकार छैन," कोष नियन्त्रक बरालले भने । उनले हरिपूर्वा नगरपालिकाको हकमा कार्यालय प्रमुख हाजिर भएर आएपछि नगर सभाको कागजात हेरिने र कागजात मिलेर आएको खण्डमा खाता खोलेर तलब, भत्ता निकासा हुने बताए । उनका अनुसार सर्लाहीमा सरुवा भएर आउने प्रमुख कोष नियन्त्रकको टुङ्गो लागेको छैन ।

# धर्मेन्द्र विह्वलको 'शहरक भीड़मे एसगर हम'

**हिमांशु चौधरी**

नेपालीय मैथिली साहित्यका सशक्त कवि धर्मेन्द्र विह्वल वैयक्तिक जीवनका प्रतिक्रियास्वरूप भाव-समुद्रका स्पन्दन, समकालीन जीवन, समाजका सुकृति-विकृतिलाई गाम्भीर्यपूर्ण शैलीमा शक्ति सामर्थ्यका साथ अभिरेखांकित गर्ने स्रष्टा हुन्।

मैथिली साहित्यमा प्रयोगवादी कविको संज्ञा पाएका कवि विह्वलको शहरक भीड़मे एसगर हम (शहरको भीड़मा एक्लो म) नामक कविता संग्रह शहर नामक एउटै शीर्षकमा अनेक अभिनवताको गर्भबाट निसृत भई श्मसानघाटमा जलिरहेको, सभ्यताको भूकम्पले विस्थापित हुँदै गएको, शोकसभाको तयारी गरिरहेको अवस्थामा चित्कारसँगै हृदय र मस्तिष्कको सन्तुलित विकासको पैदावारी गराउने चेष्टाद्वारा प्रकाश व्यक्तित्वबाट सिर्जनाको धाराका रूपमा प्रवाहित छ जो मानसिकता, भौतिक परिवेश, सांस्कृतिक शिष्टाचारको सग्लो चित्र बन्न पुगेको छ।

मानिसका सच्चा रुवाइमा सधैं कविता हुन्छ, कविताले समयलाई कलात्मक रूपमा प्रस्तुत गर्छ, घटना, विचार र भावलाई विशिष्टीकृत ढंगमा उभ्याउँछ, फरक समय, परिवेश र सोचाइमा फरक बनेर उभिन्छ यद्यपि कविको अन्तिम लक्ष्य सत्यको खोजी हो, जीवन र जगतको रहस्यको कलात्मक प्रस्तुति हो। यही भावभूमिमा कवि विह्वलले के जिजीविषा गन्तव्य बन्न सक्छ ? भन्ने प्रश्नको उत्तर खोज्नु अमेरिकी कवि रोवर्ट फ्रोस्टको एउटा कविता लेख्न खोजमा तल्लिन हुनु हो भनाइलाई पुर्षट गर्छ।

भीड़ सधैं देखिन्छ तर क्रान्ति एउटै व्यक्ति ल्याउँछ। सम्बन्धको शहरमा त्यही मान्छे एक्लो हुन्छ हुने गर्छ जो दिल र बोलीमा सच्चा हुन्छ। जीवन एउटा कण हो, उपयोग सरल छ तर त्यसको ज्ञान अनन्त खोज हो, समतल र गहिरो पनि छ। यात्रा गति हो, स्थिति परिवर्तन हो, स्थिति परिवर्तनको निम्ति गरिने सचेत प्रयत्न हो भैं कवि विह्वलले विसं ०४७ देखि ०६६ सालसम्म विचरण गरेको शहरमा मौलिकता मरेको छ, आडम्बरको लेपन, क्षण-क्षणमै चरित्र र भूमिकामा परिवर्तन, अभिनय र कृत्रिमता जीवनचर्या बनेको देखिन्छ।

काव्य ऐना हो तर अनुहार देखाउने नभई भित्री भावको एक्सरे गरिएको ५१ वटा शहरको विन्यासमा त्रासका कुहिरा, अनिष्ट सम्भावना, अपनत्वको क्षयीकरण भई अभिशप्त छन्। कविता भावनाको चित्र हो, भावना दुःखको होस् वा सुखको, त्यो तब सम्पन्न हुन्छ, जब हामी दुःख, सुख अनुभूति गर्छौं। त्यो कसैका लागि जीवन एवं परिधान बन्न पुग्छ भने कसैका लागि बदलिँदो मूल्यबोधको समुचित र समीचीन अभिव्यक्ति।

यात्राको यो अनुभव बाह्यजगतदेखि अन्तर्जगतसम्म व्याप्त भई चेतनदेखि अचेतनसम्म पुगेको छ। परिणामतः व्यक्तिको जीवन र अस्तित्वको संघर्ष, बिडम्बनापूर्ण स्थिति, व्यग्रता, असुरक्षा, अस्थिरता, संवेदनशून्यता र अवसरवादिताको स्वाभाविक अनुभूति हुन्छ :

*जेना शहरक*
*मौलिक मानचित्र*
*बदलि गेलैक होइक,*
*मात्र निर्जीव आकारमे*
*सीमित बुझाइत '*

अर्थात्, शहरको मौलिक मानचित्र बदलिसकेको, आत्मा मरिसकेको, निर्जीव आकारमा मात्र सीमित भएको अवस्थाले एक सचेतको मनमा वर्तमानले खाडल खन्दै गएको छ। केवल विचार र आदर्शका खेतमा भावनाको कुलो फर्काएर त्यही भावनाको कुलोमा बगिरहने आमजनको शून्य उपलब्धीमा मात्र बाँच्नु परेको छ। कविताहरू न फूलजस्तो लाग्छ न त काँडा जस्तो नै, न त यो संग्रह कुनै सुनौलो द्रव्यझैं लाग्छ।


५१ वटै कविताहरू छुट्टै ब्रह्माण्ड लाग्छ। भोक, रोग र शोकले थिलथिलो भएको छ, विषमताले घाँटी थिचिएको छ, यस्तोमा कवि विह्वलले मानवीय सत्यको सार्वभौम उदघाटन गरी समयसापेक्षतामा मानवताको शाश्वत पक्षलाई काव्यभित्र दर्शाएका छन्। जसमा मस्तिष्क र हृदय, भावना र कल्पनाका तारमा अट्टाहास र उपहास किरिङमिरिङ गरेर झल्केको छ। लज्जापूर्ण परिस्थितिमा घृणित बनेर बाँचिरहेको जीवनलाई मृत्युतुल्य सम्झने जीवनदोषको प्रसंग नौलो छ।

भाषिक चमत्कार र वाग्वैशिष्टयको सफल संयोजन भएको कविताहरूमा दैन्य, जीवन र जगतका असमानता र व्यक्ति स्वार्थको कटु गन्धले आक्रान्त भई शासकीय चरित्रमाथि गोलाबारी गरिएको पाइन्छ। शहर व्यग्र छ, कुण्ठित छ, यान्त्रिक छ। विश्वास टुटेको छ। आत्मविश्वासहीन निराश छ। अस्तित्व शून्यताबीच आत्मा र इज्जतको खरिद-बिक्री, शेष जिन्दगीलाई चोकमा झुण्ड्याई लिलामी गर्न बोल-कबोलको क्रमको प्रतीकात्मक व्यंग्य सुस्पष्ट देखिन्छ। कविलाई शहरको रूप र रंगमा विचित्रताको अनुभूतसँगै मान्छे र शहरले नाटक गरिरहेको बोध हुन्छ :

*एहि शहरक*
*रूप र रंग दून*
*विचित्रसन लगैछ*
*नाटक करै अछि लोक*
*नाटक करै अछि शहर*

अर्थात्, शहरको रूप र रंग विचित्र बोध भइरहेको छ, मान्छे र शहरले नाटक गरिरहेको परिवेशमा

काव्यभित्तिमा कलमी कुचोले सजीव चित्रांकन गर्न सफल कवि विह्वलको कवितामा प्रख्यात चित्रकार




एससी सुमनको भाव चित्रले संग्रहलाई प्रयोग शिल्पको महत्त्वलाई सिद्ध गरेको छ। अनुभूति र संस्कृतिको महान केन्द्रको संज्ञा काव्यलाई दिइएको छ। यस परिप्रेक्ष्यमा संग्रहका कविताहरू ०४७ देखि ०६६ सालसम्म भएका कारण त्यो अवधि इतिहासको संवेदनशील राजनीतिक कालखण्ड हो।

२०४६ को जनआन्दोलनपछि लोकतन्त्र स्थापना, बहुदलीय व्यवस्थामा आधारित संविधान जारी, सशस्त्र द्वन्द्व, राजा वीरेन्द्रको परिवारको समूल अन्त्य, संसद विघटन, ज्ञानेन्द्रद्वारा स्वयं राजा घोषणा, ज्ञानेन्द्रद्वारा सत्ता कब्जा, राजतन्त्रविरुद्ध जनआन्दोलन, माओवादीद्वारा खुला राजनीतिमा प्रवेश, राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा, संविधानसभाको निर्वाचन, विगतकै द्वन्द्वरत एक पक्षद्वारा सरकार गठनलगायतका घटना-परिघटनाको साक्षी पनि हो- कविता संग्रह। कवि विह्वललाई हिंसा स्वीकार्य छैन, हिंसालाई मलजल दिने दर्शनप्रति असहमति जनाउँदै शहरमा परेवाको वास अर्थात् शान्तिको कामना व्यक्त गरेका छन् :

*शहर अपना आङनमे*
*देख, चाहैत अछि*
*पड़बा उड़बाक दृश्य*

सतहबाट सही मूल्यांकन हुँदैन, गहिराइ भने देखिन सक्छ, डुबुल्की मार्न फेरि निकै धौ धो नै पर्छ। हामीलाई के लाग्छ भने साहित्य विधा नै कला हो, सार्वभौम नियम होइन, व्यक्तिगत अनुभूति हो, सामाजिक व्याप्ति र धरातलको सापेक्षतामा मूल्यांकन यथार्थ, नभए आदर्श। वर्तमानबाट पीडितवर्ग छ्यासछ्यास्ती छरिएको छ- गल्लीभरि, नंग्याएको आफूलाई आफैंभरि, देखेको छ- उसले अशाश्वत पक्ष जीवनको, सिकेको छ- क्षणिकता, शून्यता, नश्वरता, निरर्थकता, निरीहता, निराशा, अपर्याप्ति, अतृप्ति, विंगति। विद्यमान अवस्थामा पनि कवि विह्वल प्रेम, प्रकृति, रहस्य, छदम कालखण्डप्रति प्रतीकात्मक निर्भीक रूप, चड्कँदो स्वरशैली र ज्वलनमुखी शिल्प उम्दा देखिन्छन्। प्रयोगकारिता उठेको छ , अन्तर्मनको राँकोले बलिरहेको प्रदीप्त फिलिंगोका रूपमा उपस्थिति छ।

जीवनको क्रम नियमित परम्परा भए पनि स्खलन हुँदै दीर्घ परम्पराको अवमूल्यन भई जिउनुको अर्थ, मर्म, मान्यता भंग भएको छ, मृत्यु परम्परा स्थापित हुँदै गएकोमा कवि विह्वलको काव्यचैतन्यले प्रयोग सिद्धिको नव्य रेखा कोरेका छन्। हास्य, रोदन, सपना, क्रुरता, अन्याय, अत्याचार, आक्रमण, प्रतिरोध, हृदयस्पर्शिता, संवेदनशीलता र सृजनात्मकताले भरिभराउ कविताहरूले व्याप्त निस्तब्धता, निस्पट शब्द, अवरुद्ध जीवनधार, स्वरहीन र लयहीन ताण्डवप्रति विद्रोह गरेको छ। सिद्धान्तको हत्या, विचारको हत्या, स्वभाव र संस्कारको हत्या, मानवीय इच्छा र आकांक्षाको बलिविरुद्ध संगठित युगबोधिता र प्रतीकात्मक अभिव्यञ्जनालाई पोखेका छन् :

*बड़ प्रताडित बुझाइत छल शहर, मुदा आई जखनि*
*हैंजक हैंज लोक, हैंजक हैंज हात*
*हैंजक हैंजक आवाजसब, अचानक बहरायल त*
*बुझेलेक जे, ठीके शहर एखनहुँ, जीविते अछि*

अर्थात्, असंख्य हात, असंख्य मान्छे, असंख्य आवाजले शहर अहिले पनि जीवित रहेको अनुभूतिले कवि विह्वलले मनोवृत्तिहरूको कुनाकाप्चामा चहार्दै भावगत तत्वलाई छामेर कालजयी अर्थ प्रवाहित गरेका छन्। अस्तित्व शून्यता र आत्माको स्वीकारोक्तिसँगै यथार्थवाद र रहस्यवाद, अदृश्य र अलौकिक शक्तिमा विश्वास र निसृत दर्शन निहित छ।

अतः कवि विह्वलले सृजनामा आफ्नो आकृति खोज्दै मनोवृत्तिका सफल चित्रकार बन्न पुगेका छन्। यस क्रममा भावको मौलिकता, कल्पनाको सशक्तता, विचारको तीक्ष्णता, जागरुकता पर्याप्त भेटिन्छ। संग्रहमा कवि विह्वलको अक्षर र शब्द एवं चित्रकार सुमनको भाव चित्रले कवितालाई ओज प्रदान गरी संग्रहको नामकरण लगायतको सुस्पष्टतासहित अमूल्य काव्य वैशिष्ट्य ग्रहण गरेको छ। यी तत्वहरूले कविको जागरुकता र भावनात्मक तीक्ष्णतालाई बुझाएका छन्। अज्ञानको कालोबादललाई चिरा चिरा पारेका छन्। शैलीगत नवीनता, चित्रात्मकता, व्यंग्यात्मकता, युगबोधिता, बिम्ब-प्रतिबिम्बको प्रयोगशीलता, प्रस्तुतीकरणका नव्यताले कवि विह्वलले आफ्नो कालखण्डको काव्य प्रतिमान उभ्याएर काव्यमा नयाँ जीवन अर्पेका छन्।

# नगराईनको प्रशासकीय भवनको शिलान्यास

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषास्थित नगराईन नगरपालिका कार्यालयको प्रशासकीय भवनको शिलान्यास भएको छ । बुधबार एक कार्यक्रमका बीच नगरपालिकाका प्रमुख विनयकुमार यादव र उपप्रमुख राधादेवी यादवले संयुक्तरूपमा प्रशासकीय भवनको शिलान्यास गरेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत नगरपालिकास्थित लगमा गाढागुढीको नाममा रहेको करिब सवा १२ कठ्ठा जग्गामा प्रशासकीय भवन निर्माण हुन लागेको छ । शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै नगरपालिकाका प्रमुख यादवले निर्माण हुने नयाँ भवन सम्पूर्ण पालिकावासीका लागि भएको बताए । उनले भवन निर्माण कार्यमा सबैको सहयोग प्राप्त हुने आफूलाई विश्वास रहेको उल्लेख गरे ।

शिलान्यास कार्यक्रममा अनुपस्थित भएका एमालेका वडाध्यक्षहरूतर्फ इंगित गर्दै उनले भने,'केही मान्छेले भवन निर्माण नहोस् भनेर चाहनु भएको छ । तर, उहाँहरूको यो चाहना पूरा हुनेवाला छैन् । शिलान्यास भएको छ, भवनको निर्माण पनि सम्पन्न हुनेछ ।



शिलान्यास कार्यक्रममा एमालेबाट निर्वाचित उपप्रमुख र केही वडा सदस्यबाहेक वडाध्यक्षहरू अनुपस्थित थिए । उपमेयर राधादेवीले आफूहरूकै कार्यकालमा भवन निर्माण कार्य सम्पन्न गर्न निर्माण व्यवसायीलाई आग्रह गरिन् ।

प्रमुख प्रशासकीय अधिकृत रामगुलाम कर्णले सशर्त अनुदानमार्फत संघीय सरकारबाट विगत दुई तीन वर्षदेखि बजेट आइरहे पनि काम सुरू हुन नसकेको बताए । पहिलो चरणमा संघीय सरकारबाट प्राप्त १ करोड र नगरपालिकाको तर्फबाट ५ करोड ५० बजेट विनियोजन गरेर भवन निर्माण कार्य सुरू गर्न लागिएको उनले जानकारी दिए ।

कर्णका अनुसार यो आर्थिक वर्षमा भवन निर्माणका लागि ६ करोड ५० लाख परिचालन गरिएको छ । उनले १८ करोड ८१ लाख मूल्य बराबरको इ-बिडिङ भए पनि १३ करोड ८१ लाख ४७ हजारमा ठेक्का स्वीकृत भएको बताए । तीन तल्ले प्रशासकीय भवन निर्माणको ठेक्का रिलायन्स मकालु सिम्स जेभी जनकपुरधामले पाएको छ ।

दुई वर्षभित्र भवन निर्माण सम्पन्न गर्ने गरी निर्माण कम्पनीले ठेक्का पाएको छ । कार्यालय सञ्चालनका लागि चाहिने आवश्यक सम्पूर्ण सुविधासहित भवन निर्माण गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत कर्णले बताए ।

प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षका साथै सभाहललगायतका सुविधासहितको भवन निर्माण हुने उनले जानकारी दिए । कर्णले नयाँ भवनमा पार्किङ, बाउन्ड्रीवाल, कर्मचारी आवासगृहको समेत सुविधा हुने बताए । नगरपालिका स्थापना भएको विगत ७ वर्षदेखि भाडाको घरमा कार्यालय सञ्चालन हुँदै आइरहेको छ । नगरपालिकाले घरभाडावापत प्रत्येक महिना करिब १ लाख रूपैयाँ खर्च बेहोर्नु परिरहेको छ ।

पालिकाको आफ्नै भवन निर्माण भइसकेपछि सेवाप्रवाहलगायतका काम छिटोछरितो ढंगले सम्पन्न हुने विश्वास पालिकाका पदाधिकारीहरूले लिएका छन् ।

# धनुषाको सीमानाकामा कडाई

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा सशस्त्र प्रहरीले अवैधरुपमा चोरी पैठारी गरी ल्याइएको खाद्यान्न सामग्रीहरुमा कडाई गरेको छ ।

सशस्त्र प्रहरी बल धनुषाले अवैध चोरी पैठारी गरी आवतजावतमा कडाइ गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल नम्बर ८ गण हेडक्वार्टर धनुषाका गणपति दर्शन गिरिले नेतृत्व सम्हाले पछि अवैध चोरी पैठारीमा कडाइ गरिएको जनाइएको छ ।

सीमावर्ती क्षेत्रमा कडाई भएसंगै तीन दिनमा १० लाख २० हजार रुपैयाँ मूल्य बराबरको तस्करीका अवैध सामग्रीहरु बरामद गरिएको सशस्त्र प्रहरी बल धनुषाले जनाएको छ ।

बरामद गरिएको सामग्री मध्ये मदिरा, किराना, लत्ताकपडालगायतका विभिन्न सामग्रीहरु रहेको सशस्त्र प्रहरी बल धनुषाले जनाएको छ ।

# डकैतीको घटनाले स्थानीय त्रसित

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी बजारमा सोमबार राति भएको डकैतीको घटनापछि स्थानीय बासिन्दा र व्यवसायीले सुरक्षा चिन्ता व्यक्त गरेका छन् ।

सोमबार राति ८ बजेको आसपासमा लालबन्दी नगरपालिका-६, स्थित जनवादी चोकनजिक व्यवसायी श्यामप्रसाद साहले सञ्चालन गरेको श्याम जनरल स्टोर्समा हतियारधारी समूहले साङ्घातिक आक्रमणसहित लुटपाट गरेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीको प्रारम्भिक अनुसन्धानअनुसार साहको पसलबाट ४९ लाख २६ हजार रुपियाँ नगद लुटिएको जनाइएको छ ।

साहले आफ्नै घरमा व्यवसाय सञ्चालन गरेका थिए । उनले नेपाली सेनाको रासन ढुवानी, एनसेलको डिलर सञ्चालन र विभिन्न खाद्य वस्तुहरू होलसेलमा बिक्री गर्दै आएका थिए ।

लुटेरा समूहले व्यवसायी साह र एक जना कर्मचारीमाथि धारिलो हतियार प्रहार गरी घाइते बनाएका छन् । साहको टाउकोमा सातवटा र अर्का एक जना कर्मचारीको ढाडमा चारवटा टाँका लगाइएको छ ।

आफूसहित घरका सदस्य र कामदार घरमा बसिरहेका बेला अचानक मुखमा पट्टी बाँधेर घरभित्र प्रवेश गरेका व्यक्तिले पेस्तोल देखाएर लुटपाट गरेका व्यवसायी साहले बताए । यस घटनापछि उद्योग वाणिज्य सङ्घ लालबन्दी र चेम्बर अफ कमर्स लालबन्दीले छुट्टाछुट्टै विज्ञप्ति जारीगरी घटनाको भर्त्सना गर्दै संलग्नलाई तत्काल पक्राउ गरी कारबाहीको माग गरेको छ ।

उद्योग वाणिज्य सङ्घ लालबन्दीका अध्यक्ष दीपेन्द्रकुमार बलम्पाकीले घटनापश्चात् संलग्नलाई पक्राउ गर्न र आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन जिल्लास्थित सुरक्षा निकायको ध्यानाकर्षण गराएको बताए । "सङ्घको तर्फबाट निरन्तर दबाब दिइरहेका छौं, उहाँहरूले सूक्ष्म अनुसन्धान भइरहेको भन्नुभएको छ" बलम्पाकीले भने, "आगामी दिनमा यस्ता घटना नदोहोरियोस् भनेर ध्यानाकर्षण गराएका हौं ।"

प्रहरीले घटनाका दोषी चाँडै पक्राउ पर्नेमा आशावादी रहेको बलम्पाकीको भनाइ छ । लुटपाट घटनाका दोषीलाई तत्काल पक्राउ गर्न माग गर्दै चेम्बर अफ कमर्स लालबन्दीले बुधबार दिउँसो पूर्व-पश्चिम राजमार्गस्थित लालबन्दीबजार क्षेत्रमा दबाब कार्यक्रम गरेको छ । सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपेन्द्र पञ्जियार थारुले आफूहरू घटनाको अनुसन्धानमा केन्द्रित रहेर अनुसन्धान गरिरहेको बताए । "लालबन्दीकै घटनामा 'फोकस' भएका छौं, विभिन्न कोणबाट अनुसन्धान जारी छ" डिएसपी थारुले भने ।

लालबन्दीमा पछिल्लो समय चोरीका घटना बढिरहेको स्थानीयको भनाइ छ । लालबन्दीमा यसअघि गत असोज ३ गते राति हतियारधारी समूहले वडा ५, शान्ति टोलका रामचन्द्र ठाकुरको घरमा हतियार देखाएर लुटपाट गरेको थियो । लुटेरा समूहले धारिलो हतियार प्रहार गर्दा घरधनी ठाकुर घाइते भएका थिए ।

त्यस घटनामा संलग्नहरू अहिलेसम्म पक्राउ परेका छैनन् । पछिल्लो हप्ता मात्र लालबन्दी ७ स्थित बजार क्षेत्रमा समेत दुई ठाउँमा चोरी भएको थियो । लालबन्दी ७ का माधव पोखरेलको घर र झुम्का धितालले सञ्चालन गरेको होटलमा चोरी भएको थियो ।

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

कम्प्युटर अपरेटर - १ (एक) जना
लेखापाल - २ (दुई) जना
(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, टयाब, ल्यापटप आदि)को अधिक प्रयोग:

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गसमेत हुन सक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८